# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वार्षिक कार्यक्रम कार्यान्वयन एकीकृत कार्यविधि, २०८२

**प्रस्तावना**ः कर्णाली प्रदेश सरकारबाट उद्योग, वाणिज्य, उपभोक्ता हित, वन, वातावरण, वन्यजन्तु, जडीबुटी विकास, श्रम तथा रोजगार, पर्यटन प्रवर्धन तथा विकास, भू-तथा जलाधार संरक्षण, वन अनुसन्धानतर्फका स्वीकृत वार्षिक विकास कार्यक्रम व्यवस्थित, पारदर्शी, प्रभावकारी रूपमा सञ्चालन तथा कार्यान्वयन गर्न वाञ्छनीय भएकाले,

कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ६१ को उपदफा (३) बमोजिम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **सक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वार्षिक कार्यक्रम कार्यान्वयन एकीकृत कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भई मन्त्रालयको वेबसाइटमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान व्यवस्थापन कार्यविधि नियम" भन्नाले कर्णाली प्रदेश सरकारबाट स्वीकृत प्रचलित अनुदान कार्यविधि नियम, २०७७ सम्झनु पर्छ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने व्यक्ति, समूह, सहकारी, फर्म वा कम्पनी सम्झनु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले स्वीकृत नीति तथा कार्यक्रम अन्तर्गत मन्त्रालय वा अन्तर्गतका निकायबाट सञ्चालन हुने स्वीकृत वार्षिक विकास कार्यक्रम सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले मन्त्रालय मातहतका कार्यक्रम कार्यान्वयन गर्ने डिभिजन वन कार्यालय, भू-तथा जलाधार व्यवस्थापन कार्यालय र उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय सम्झनु पर्छ र सो शब्दले मन्त्रालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र र निर्देशनालयलाई समेत जनाउँछ।

(ङ) "उद्योग" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका उद्योग सम्झनु पर्छ।

(च) "उद्यमी" भन्नाले नाफा कमाउने उद्देश्यले उद्योग व्यवसाय सञ्चालनका लागि लगानी गर्ने व्यक्ति वा समूह सम्झनु पर्छ।

(छ) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतका उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय र प्रदेश वन निर्देशनालय सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ।

(झ) "लक्षित समूह" भन्नाले अनुदान पाउन योग्य युवा, दलित, महिला, आदिवासी जनजाती, पिछडिएको समुदाय, अल्पसंख्यक, अपाङ्ग सिमान्तकृत वर्ग वा समुदायका उद्यमी सम्झनु पर्छ।

(ञ) "लाभग्राही" भन्नाले स्थानीय स्रोत साधनको प्रयोग गरी स्थानीय स्तरमा रोजगारी सृजना हुने उद्यमशीलता विकासका लागि सहयोग प्राप्त गर्ने दर्तावाला उद्यमी सम्झनु पर्छ।

## परिच्छेद-२
## कार्य सञ्चालनको पूर्व तयारी तथा व्यवस्थापन

३. **खर्चको अख्तियारी तथा अभिलेखको व्यवस्था**ः बजेट तथा कार्यक्रम सम्बन्धी मार्गदर्शन र प्रदेश सरकारको मन्त्रालयगत बजेट सूचना प्रणालीबमोजिम खर्च गरी प्रतिवेदन गर्ने तथा अभिलेख राख्ने दायित्त्व अख्तियारी प्राप्त अधिकारीको हुनेछ।

४. **कार्ययोजना तयारी गर्नु पर्ने**ः (१) मन्त्रालयका विषयगत महाशाखा, निर्देशनालय तथा कार्यालयले प्रदेश सरकारको मन्त्रालयगत बजेट सूचना प्रणालीअनुसार स्वीकृत वार्षिक कार्यक्रमहरूको कार्यान्वयन अवधि, बजेट बाँडफाँट, जिम्मेवार अधिकारी र अनुगमन सूचक खुल्ने कार्ययोजना तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार भएको कार्ययोजना अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गरी आफ्नो तालुक निकाय र मन्त्रालयमा जानकारी गराउनु पर्नेछ।

५. **जिम्मेवारी तोक्नु पर्ने**ः अख्तियारी प्राप्त अधिकारीले कार्यक्रम सञ्चालन, कार्यान्वयन तथा अनुगमनको लागि सम्बन्धित कर्मचारीलाई कार्यविवरण सहित जिम्मेवारी तोक्नुपर्नेछ।

६. **स्थानीय तहसँग समन्वय**ः मन्त्रालय वा अन्तर्गतका आयोजना वा कार्यक्रम सञ्चालन गर्दा आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहसँग समन्वय गरी सञ्चालन गर्नसकिनेछ।

७. **सम्भाव्यता अध्ययन**ः आयोजना सञ्चालन गर्दा वर्तमान अवस्था, आयोजनाको आवश्यकता, नक्सा, डिजाइन, सहयोगी वा सहकार्य गर्ने निकाय वा संस्था र सो आयोजनाका चुनौती तथा जोखिम समेत खुलाई आवश्यकता अनुसार सम्भाव्यता अध्ययन वा आयोजना दस्तावेज प्रतिवेदन तयार गर्नु वा गराउनु पर्नेछ।

८. **विशेषज्ञ सेवा लिन सकिने**ः कार्यक्रमको प्रकृति हेरी कुनै अध्ययन, अनुसन्धान वा प्राविधिक सेवा वा कामका लागि सम्बन्धित विशेषज्ञको सेवा लिन सकिनेछ र त्यसरी परामर्श वा विशेषज्ञ सेवा लिने प्रक्रिया प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानून र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ मा उल्लेख भए बमोजिम हुनेछ।

९. **खरिद योजना तथा लागत अनुमान तयार गर्नुपर्ने**ः (१) कुनै पनि सार्वजनिक निर्माण, मर्मत सम्भार, सामग्री वा सेवा वा परामर्श सेवा खरिद सम्बन्धी कार्य गर्नु पूर्व सम्बन्धित प्राविधिक वा विशेषज्ञ वा सेवा खरिद गर्दा सो बापत लाग्ने इकाई र लागत अनुमान तयार गरी अख्तियारी प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि परामर्श सेवा खरिद सम्बन्धी कार्य गर्नु पूर्व कार्यक्रमको उद्देश्य बमोजिम कार्यक्षेत्रगत शर्त समेत तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ।

१०. **खरिद इकाइबाट निर्णय गराउनु पर्ने**ः कार्यालयले खरिद इकाईबाट निर्णय गराएर मात्र खरिद कार्य गर्नुपर्नेछ र त्यस्तो खरिदको निर्णय अख्तियारीप्राप्त अधिकारीबाट स्वीकृत भएको हुनुपर्नेछ।

११. **कार्यादेश दिएर काम गराउन सकिने**ः स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न प्रचलित कानूनको प्रतिकूल नहुने गरी अख्तियारी प्राप्त अधिकारीले कुनै सरकारी निकाय, मातहत कार्यालय वा पदाधिकारी तथा सरोकारवाला संस्था वा सेवा प्रदायकसँग सम्झौता गरी कार्यादेश दिई कार्यक्रम कार्यान्वयन गराउन सक्नेछन्।

## परिच्छेद-३

## अनुदान सम्बन्धी कार्यक्रम कार्यान्वयन प्रक्रिया

**१२. अनुदान उपलब्ध गराउने कार्यक्रम कार्यान्वयन प्रक्रियाः** (१) स्वीकृत वार्षिक कार्यक्रम बमोजिम अनुदान उपलब्ध गराउने कार्यक्रम अनुदान व्यवस्थापन कार्यविधि नियम बमोजिम हुनेछ।

**१३. अनुदानग्राहीको छनौटः** (१) कार्यालयले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्न चाहने उद्यमी, समूह, सहकारी, फर्म तथा कम्पनीबाट अनुदानको लागि सामान्यतया कार्तिक मसान्त सम्ममा आवेदन माग गर्नेछ र यसरी आवेदन माग गर्दा चैत्र मसान्तभन्दा पछि माग गर्न पाइने छैन।

(२) उपदफा (१) बमोजिम प्राप्त आवेदन मध्येबाट अनुदानग्राही छनौट गर्दा अनुदान कार्यविधि नियम समेतलाई आधार लिई मूल्याङ्कन गरिनेछ।

(३) अनुदानसँग सम्बन्धित कार्यक्रमको लागि प्रस्ताव आव्हान गर्दा सूचनामा रहने विषयहरू अनुसूची-१ र आवेदनको ढाँचा अनुसूची-२ बमोजिम हुनेछ।

(४) आवेदक वा प्रस्तावको मूल्याङ्कन तथा छनौट सम्बन्धी प्राविधिक मापदण्ड, सूचनाको सार्वजनिकीकरण तथा सञ्चालन विधि मन्त्रालयले स्वीकृत गरे बमोजिम हुनेछ।

**१४. निर्देशक समितिः** (१) अनुदान प्रवाहको प्रक्रिया सहजीकरण गर्नका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | -संयोजक |
| (ख) | अधिकृतस्तर नवौं तहको प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (ग) | अधिकृतस्तर नवौं तहको प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (घ) | अधिकृतस्तर नवौं तहको प्रतिनिधि, कर्णाली प्रदेश योजना आयोग | -सदस्य |
| (ङ) | निर्देशक, सम्बन्धित विषयगत निर्देशनालय | -सदस्य |
| (च) | अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय | -सदस्य |
| (छ) | प्रमुख, कानून तथा फैसला कार्यान्वयन शाखा, मन्त्रालय | -सदस्य |
| (ज) | संयोजकले तोकेको विषय विज्ञ | -सदस्य |
| (झ) | प्रमुख, प्रशासन तथायोजना महाशाखा, मन्त्रालय | सदस्य–सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले सरोकारवाला निकायका अधिकृत प्रतिनिधि वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

**१५. निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** (१) दफा १४ को उपदफा (१) बमोजिमको निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अनुदान प्रक्रियाको सहजीकरण गर्ने,

(ख) अनुदान सम्बन्धी काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ग) अनुदान उपलब्ध गराउने सम्बन्धमा आइपरेका समस्याहरूको समाधान तथा विवाद निरूपण गर्ने,

(घ) अनुदान व्यवस्थापन कार्यविधि नियमको दफा १० मा बमोजिमको समन्वय

समितिसँग समन्वय गर्ने,

(ङ) अनुदान सम्बन्धी गुनासो व्यवस्थापन गर्ने।

(२) निर्देशक समितिको बैठक समितिका संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा निर्देशक समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) निर्देशक समितिको बैठक सञ्चालन तथा निर्णय समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**१६. <u>छनौट समितिको गठनः</u>** (१) यस कार्यविधि बमोजिम अनुदानग्राही छनौट गर्न देहाय बमोजिमको छनौट समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | कार्यालय प्रमुख (सम्बन्धित कार्यालय) | -संयोजक |
| (ख) | प्रमुख, आर्थिक प्रशासन शाखा | -सदस्य |
| (ग) | प्रदेश लेखा नियन्त्रक वा प्रदेश लेखा इकाई कार्यालयको अधिकृत प्रतिनिधि | -सदस्य |
| (घ) | सुर्खेत जिल्लाको हकमा मन्त्रालयको कानुन अधिकृत | -सदस्य |
| (ङ) | सम्बन्धित महाशाखा वा शाखा प्रमुख | -सदस्य-सचिव |

(२) समितिको बैठकमा आवश्यकता अनुसार बढीमा दुई जना सम्म विषय विज्ञहरूलाई आमन्त्रण गर्न सकिनेछ।

(३) अनुदानमा सञ्चालन हुने प्रति कार्यक्रमको छनौट तथा मूल्याङ्कनको कार्य बढीमा तीन वटा बैठकभित्र सम्पन्न गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले छनौट सम्बन्धी मापदण्ड तयार गरी अनुदानग्राही छनौट गर्नु पर्नेछ।

**१७. <u>अनुदान रकमको सीमाः</u>** यस कार्यविधि बमोजिम उपलब्ध गराइने अनुदान रकमको सीमा सहकारी र लक्षित वर्गको लागि सञ्चालन हुने कार्यक्रमको हकमा कूल लागतको अधिकतम सत्तरी प्रतिशतसम्म र निजी फर्म वा उद्यमीको हकमा पचास प्रतिशतसम्म हुनेछ।

**१८. <u>अनुदानग्राहीसँग सम्झौता गर्नु पर्नेः</u>** (१) कार्यालयले अनुदानग्राहीको छनौट र अनुदान रकमको निर्धारण भएपछि अनुदानग्राहीसँग अनुसूची-३ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(२) सम्झौता बमोजिम अनुदानग्राहीको तर्फबाट व्यहोर्नु वा गर्नु पर्ने लगानी रकमको सुनिश्चितताको लागि सम्झौता गर्नु अघि सम्बन्धित पक्षबाट लगानी गर्नुपर्ने रकम बराबरको जमानत (नगद, धरौटी वा ऋण स्वीकृत भएको बैंकको प्रतिबद्धतापत्र वा बैंक ग्यारेन्टी वा जगेडा कोष वा पूँजी प्रमाणित हुने कागजपत्र) कार्यालयमा पेश गर्नुपर्नेछ।

तर लक्षित वर्ग तथा कार्यालयले जमानत आवश्यक नठानेको कार्यक्रमका लागि जमानत आवश्यक पर्ने छैन।

(३) अनुदानग्राहीले आफ्नो हिस्साको कार्य सम्पन्न गरे पछि मात्र कार्यालयले अनुदानतर्फको रकम भुक्तानी दिनेछ।

(४) कार्यालयले आवश्यक देखेमा पेश्की दिन सक्नेछ। पेश्की दिँदा प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ।

(५) उपदफा (१) बमोजिम गरिने सम्झौता पत्रमा अनुदानग्राहीले कार्य शुरु र सम्पन्न गर्नुपर्ने समय, अनुदान भुक्तानी हुने बैङ्कको शाखा वा कार्यालय, आवधिक रूपमा कार्य सम्पन्न गर्नु पर्ने भए सो विषय र सोही बमोजिम अनुदान उपलब्ध गराइने समय तालिका उल्लेख गर्नुपर्नेछ।

(६) जेठ महिना भित्र अनुदान सम्बन्धी सम्पुर्ण कार्य सम्पन्न गर्नु पर्नेछ।

१९. **प्राविधिक मूल्याङ्कन, अनुगमन तथा योजनागत अभिलेखनः** (१) सम्झौता बमोजिम कार्य सम्पन्न भएको प्रतिवेदन प्राप्त भए पछि भुक्तानी दिनु पूर्व सम्बन्धित प्राविधिकबाट अनुगमन गरी अनुसूची-४ बमोजिमको सिफारिस रयोजनागत अभिलेखहरू संलग्न राख्नु पर्नेछ।

(२) मन्त्रालय तथा मातहतका निकायले अनुगमन तथा मूल्याङ्कन गर्दा अनुसूची-५ मा उल्लेख भएका विषयहरू समेट्नु पर्नेछ।

(३) कार्यालयले अनुदानसँग सम्बन्धित कार्य सम्पन्न भएपछी अनुसूची-६ बमोजिमको ढाँचामा कार्य र खर्चको प्रतिवेदन निर्देशनालय र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

२०. **अनुदानको भुक्तानी बैङ्कखाता मार्फत हुनेः** (१) अनुदानग्राहीलाई भुक्तानी हुने रकम बैङ्क खाता मार्फत उपलब्ध गराउनु पर्नेछ।

(२) अनुदान रकमको भुक्तानी सम्झौता पत्रमा उल्लेख भएको हकमा सोही बमोजिम र सम्झौता पत्रमा उल्लेख नभएको हकमा कार्यालय प्रमुखले तोकेको जिम्मेवार प्राविधिक (फोकल पर्सन)ले स्थलगत निरीक्षण गरी तयार पारेको कार्य सम्पन्न प्रमाणीकरणको आधारमा हुनेछ।

(३) कार्यालयले अनुदानग्राहीलाई अनुदान रकम कम्तिमा दुई किस्तामा भुक्तानी दिनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदानग्राहीले शत प्रतिशत कार्य सम्पन्न गरेपछि अनुदानको एकमुष्ट रकम माग गरेमा एकमुष्ट रकम भुक्तानी गर्न बाधा पर्ने छैन।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुदानग्राहीबाट कार्यसम्पन्न प्रतिवेदन प्राप्त भई सोको स्थलगत प्रमाणीकरण नभएसम्म अनुदान रकमको अन्तिम किस्ता भुक्तानी हुने छैन।

(६) जिन्सी सामान, उपकरण, मेसिनरी, लघु, घरेलु तथा औद्योगिक मेसिनरी औजार उपकरण, वस्तुगत सहायता लगायतका सामग्री खरिदको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए बमोजिम खरिद गरी कार्यालयबाटै हस्तान्तरण हुने व्यवस्था मिलाउन सकिनेछ।

२१. **असुल उपर र कारबाहीः** (१) यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र प्रयोग गरेको पाइएमा वा हिनामिना भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम कारबाहीको लागि सम्बन्धित निकायमा लेखि पठाउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनी विपद् वा अन्य कुनै काबु बाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा भने उक्त क्षतिको प्रमाणित हुने (मुचुल्का, स्थानीय तहको सिफारिस/प्रहरी प्रतिवेदन कागजात) प्रमाण सहित एक महिनाभित्र अनुदान प्राप्त गरेको कार्यालयमा लिखित जानकारी गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा सम्बन्धित कार्यालयले अनुदानग्राहीले पेश गरेको निवेदन र कार्यालयको राय सहितको फाइल खडा गरी मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम फाइल प्राप्त भएमा मन्त्रालयले आवश्यक छानबिन गरी आवश्यक निर्णय गर्नेछ र यसरी मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ।

(५) यस कार्यविधि बमोजिम भएको सम्झौता अनुसार काम नगर्ने तथा अनुदानमा दिइएको सामग्री वा रकमको हिनामिना वा दुरूपयोग गर्ने अनुदानग्राहीलाई मन्त्रालय वा मातहतका निकायबाट भविष्यमा कुनै पनि अनुदान उपलब्ध गराइने छैन।

२२. **गुनासो व्यवस्थापनः** (१) अनुदान सम्बन्धी कुनै गुनासो भएमा अनुदानग्राहीले सम्बन्धित कार्यालय प्रमुख समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदानग्राहीबाट कुनै गुनासो प्राप्त भएमा सम्बन्धित कार्यालय प्रमुखले त्यस्तो गुनासो प्राप्त भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो गुनासो निरूपण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम भएको गुनासोको निरूपण उपर चित्त नबुझेमा अनुदानग्राहीले निर्देशक समिति समक्ष पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम परेको निवेदन उपर निर्देशक समितिले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो गुनासोको सम्बन्ध आवश्यक निर्णय गर्नेछ र यसरी समितिले गरेको निर्णय अन्तिम हुनेछ।

२३. **दोहोरो सुविधा लिन नपाउनेः** अनुदानग्राहीले एउटै कामको लागि संघ, प्रदेश वा स्थानीय तह वा एक भन्दा बढी निकाय तथा एक भन्दा बढी कार्यक्रमको लागि मन्त्रालय अन्तर्गतका कार्यालयहरूबाट अनुदान प्राप्त हुने छैन।

तर अन्य साझेदार निकायसँग स्पष्टसँग सम्झौता भई लागत इष्टिमेटमा समेत साझेदारीको हिस्सा उल्लेख गरिएको अवस्थामा अनुदान प्रदान गर्न बाधा पर्ने छैन।

२४. **जिम्मेवार हुनेः** (१) प्रदेश सरकारको स्रोत सहितको अनुदान उपयोग गर्दा वित्तीय अनुशासन तथा उत्तरदायित्व वहन गर्नु पर्नेछ।

(२) अनुदानग्राहीले अनुदान प्राप्त गर्नु अघि कार्यालयले तोकेको ढाँचामा प्रतिबद्धता जाहेर गर्नु पर्नेछ।

(३) अनुदान लगायतका सहायता वितरण कार्यको गुणस्तर र सो सम्बन्धी वित्तीय जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

(४) कुनै विशेष कारणवश वा काबु बाहिरको परिस्थितिबाहेक अनुदानग्राहीको कारणबाट सम्झौता अनुरूप तोकिएको समयसीमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयम् जिम्मेवार हुनेछ।

## परिच्छेद-४
## वार्षिक कार्यक्रम कार्यान्वयन विधि

२५. **वन तथा वातावरण सम्बन्धी कार्यक्रम कार्यान्वयनः** (१) कार्यालयले वन तथा वातावरणसँग सम्बन्धित अनुदानसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्दा परिच्छेद-३ मा उल्लेख भए बमोजिमको विधि र प्रक्रिया अवलम्बन गरी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका अनुदान बाहेकका कार्यक्रम कार्यान्वयन गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको प्रक्रिया पुरा गरी गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम कार्यक्रम कार्यान्वयन गर्दा कार्यक्रमको लक्ष्य तथा उद्देश्य अनुरूप अमानत विधिबाट वा कर्मचारीलाई कार्यादेश दिई कार्यक्रम कार्यान्वयन गर्दा सम्भव भएसम्म सबै सब-डिभिजन वन कार्यालय वा सरोकारवाला क्षेत्र समावेश हुने गरी गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम समुदायस्तरमा गर्ने विभिन्न प्रकारका तालिम, गोष्ठी र सचेतनामूलक कार्यक्रम वन उपभोक्ता समूहलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम कार्यक्रम कार्यान्वयन गर्दा प्रचलित कानून बमोजिम वार्षिक लेखापरीक्षण तथा नवीकरण गरेका र स्थायी लेखा नम्बर प्राप्त गरेका उपभोक्ता समूहमार्फत गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम सञ्चालन हुने कार्यक्रम तथा क्रियाकलापको कार्यान्वयन विधि अनुसूची-७ को खण्ड (क) मा उल्लेख भए बमोजिम हुनेछ।

२६. **एकीकृत भू तथा जलाधार संरक्षणका कार्यक्रम कार्यान्वयनः** (१) भू-तथा जलाधार संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्दा कार्यालयले क्रियाकलाप कार्यान्वयन हुने सम्भाव्य स्थल पहिचान गरी स्थलगत निरीक्षण तथा आधारभूत तथ्याङ्क सङ्कलनको कार्य गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्भाव्य स्थल पहिचान भएपछि उपभोक्ता समिति गठन गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्ने भएमा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधिको रोहवरमा उपभोक्ता समूह वा समिति गठन गर्नु पर्नेछ।

(३) कार्यक्रम कार्यान्वयन गर्नुअघि कार्यालयले क्रियाकलापमा विनियोजित बजेटको सीमाभित्र रही सर्भे, डिजाइन, ड्रइङ्ग तथा लागत अनुमान तयारी गरी स्वीकृत गर्नु पर्नेछ। यसरी लागत अनुमान तयार गर्दा स्वीकृत कार्यक्रम बजेटको पाँच देखि पन्ध्र प्रतिशतसम्म रकम जलाधार क्षेत्रमा बायोइन्जिनियरिङका कार्यमा खर्च गर्ने गरी लागत अनुमान तयारी तथा स्वीकृत गर्नु पर्नेछ।

(४) कार्यक्रम सुरुआत गर्नुभन्दा अगाडी प्रत्येक स्थानको क्रियाकलाप समेटिने गरी एक दिनको प्रविधि सम्बन्धी अभिमुखीकरण तालिम दिई कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(५) यस दफा बमोजिमका कार्यक्रम सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिम उपभोक्ता समूह वा ठेक्काका माध्यमबाट गर्न सकिनेछ।

(६) यस दफा बमोजिम कार्यसम्पन्न पश्चात सम्बन्धित उपभोक्ता समूह वा निर्माणकर्ताले सम्बन्धित कार्यक्रमको सार्वजनिक सुनुवाई सहित कार्यालयमा अन्तिम नापजाँच गरी मूल्याङ्कन तथा भुक्तानीको लागि निवेदन प्राप्त भए पश्चात कार्यालयले प्राविधिक कर्मचारी खटाई स्थलगतरूपमा नापजाँच गरी नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिनु पर्नेछ।

(७) यस दफा बमोजिम कार्यक्रम सञ्चालन गर्दा वन तथा भू-संरक्षण विभागको भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम र क्रियाकलाप (परिभाषा, उद्देश्य, दायरा र कार्य रणनीति) तेश्रो संस्करण, २०७२, भू संरक्षण तथा जलाधार व्यवस्थापनका उपाय तथा कम खर्चिलो प्रविधि, २०६२ लाई अनुसरण गर्नु पर्नेछ।

(८) सुर्खेत उपत्यकाको उत्तरी जलाधार तथा बहुवर्षीय रूपमा सञ्चालन हुने कार्यक्रम सञ्चालन गर्नु पूर्व कार्यक्षेत्रको जलाधार क्षेत्र समेटी जनसंख्याको आधारमा समूह सञ्जाल गठन गरी समूहको सहभागिता जुटाउने तथा निर्मित संरचनाको रेखदेख र मर्मत सम्भारको व्यवस्था मिलाउनु पर्नेछ।

(९) यस दफा बमोजिम सञ्चालन हुने कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन विधि अनुसूची-७ को खण्ड(ख) मा उल्लेख भए बमोजिम हुनेछ।

२७. **वन अनुसन्धान तथा प्रशिक्षणका कार्यक्रमको कार्यान्वयनः** (१) अध्ययन, अनुसन्धानका कार्यक्रम सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ ले निर्दिष्ट गरेका विधि तथा प्रक्रिया अवलम्बन गरी कार्यान्वयन गर्नु पर्नेछ।

(२) तालिम सञ्चालन गर्नु पूर्व तालिम संयोजकले तालिमको अवधारणा, लागत अनुमान र शत्र योजना तयार गरी निर्देशकवाट स्वीकृत गराउनु पर्नेछ।

(३) तालिमका लागिका आवश्यक स्रोत व्यक्ति सम्भव भएसम्म स्थानीय स्तरमा उपलब्ध स्रोत व्यक्तिको उपयोग गर्नु पर्नेछ र तालिमका लागि सहभागी छनौट तथा मनोनयन गर्दा दुर्गम क्षेत्रमा खटिएका र महिला कर्मचारीलाई प्राथमिकतामा राखी सबै कर्मचारीहरूलाई अवसर दिनु पर्नेछ।

(४) तालिममा सहभागिलाई प्रदान गरिने सेवा सुविधा कर्णाली प्रदेश सरकारको प्रचलित खर्च मापदण्ड निर्देशिका बमोजिम हुनेछ।

(५) तालिमलाई सफलतापूर्वक सञ्चालन तथा सम्पन्न गर्न तालिमको पूर्व तयारी तथा व्यवस्थापन गर्ने प्रयोजनका लागि निर्देशकले तालिम व्यवस्थापन समिति गठन गरी कार्य सञ्चालन गर्न सक्नेछ।

(६) तालिम सञ्चालनका लागि पाठ्यक्रम निर्माण गर्दा सम्बन्धित विषयविज्ञहरूसँग छलफल गरी तहगत पाठ्यक्रम निर्माण गर्नु पर्नेछ।

(७) यस दफा बमोजिम सञ्चालन हुने कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन विधि अनुसूची-७ को खण्ड(ग) मा उल्लेख भए बमोजिम हुनेछ।

(८) अनुसन्धान अनुसन्धानका कार्यमा सहजीकरण गर्नको लागि प्रशिक्षण केन्द्रले विषयगत वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत रहेका विषय क्षेत्रमा आवश्यक विज्ञहरूको रोष्टर तयार गर्नेछ।

(९) उपदफा (८) बमोजिमको रोष्टरमा रहेका विज्ञहरू समेत संलग्न हुने समितिबाट अध्ययन, अनुसन्धान कार्यको अन्तिम प्रतिवेदनको मूल्याङ्कन गरी गुणस्तर जाँच गर्नु गराउनु पर्नेछ।

(१०) उपदफा (९) बमोजिम गुणस्तर जाँच गर्दा अध्ययन अनुसन्धानकर्ताले न्यूनतम गुणस्तरीयता प्राप्त नगरेका अध्ययन प्रतिवेदन प्रशिक्षण केन्द्रले अनुसन्धान कार्य सुधार गर्ने गराउने वा अनुसन्धान प्रतिवेदन अस्वीकृत गर्न सक्नेछ।

२८. **पर्यटन प्रवर्धन तथा पर्यटन पूर्वाधार विकास कार्यक्रम कार्यान्वयनः** (१) पर्यटन पूर्वाधार निर्माण क्रियाकलाप प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र अख्तियारी तथा बजेट खर्च सम्बन्धी मार्गदर्शन बमोजिम कार्यान्वयन गर्नु पर्नेछ।

(२) पर्यटन पूर्वाधार निर्माण कार्य गर्दा क्रियाकलापमा उल्लेख भएकै स्थानमा कार्यान्वयन गर्नु पर्नेछ यसरी पूर्वाधार निर्माण गर्दा जग्गा प्राप्ति आवश्यक भएमा सो सम्बन्धी कार्य सम्पन्न भएपछि मात्र निर्माण कार्य सुरु गर्नु पर्नेछ।

(३) बहुवर्षीय तथा पचास लाख रुपैयाँभन्दा बढी रकम विनियोजन भएका पर्यटन पूर्वाधार निर्माणका कार्य गर्नु पूर्व विनियोजित बजेटको सिमाभित्र रही लागत अनुमान तथा विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गरेर मात्र गर्नु पर्नेछ। विस्तृत परियोजना प्रतिवेदन तयारी नभएको भए उल्लेखित कार्यक्रममा विनियोजित बजेट रकमबाट खर्च गर्न सकिनेछ।

तर पचास लाख रुपैयाँभन्दा कम रकम विनियोजन भएका बहुवर्षीय बाहेकका पर्यटन पूर्वाधार निर्माण कार्य कार्यालयले सोझै लागत अनुमान तयार गरी कार्यान्वयन गर्न सक्नेछ।

(४) यस दफा बमोजिम पर्यटन पूर्वाधार सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा त्यस्ता कार्य वन क्षेत्रभित्र पर्ने भए वन ऐन, २०७६ र प्रचलित वातावरण संरक्षण सम्बन्धी कानूनको अधीनमा रही गर्नु पर्नेछ।

(५) पर्यटन पूर्वाधारको निर्माण सम्पन्न भएपछि पूर्वाधारको दिगो संरक्षण तथा व्यवस्थापन हुने गरी

आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(६) यस दफा बमोजिम पर्यटन प्रवर्धनसँग सम्बन्धित क्रियाकलापको कार्यान्वयन अनुसूची-७ को खण्ड (घ) मा उल्लेख गरिएको विधि तथा प्रक्रिया बमोजिम गर्नु पर्नेछ।

२९. **उद्योग, वाणिज्य, श्रम तथा रोजगार र उपभोक्ता हित संरक्षणका कार्यक्रम कार्यान्वयनः** (१) सम्बन्धित कार्यालयले उद्योग तथा तथा उपभोक्ता हित संरक्षणसँग सम्बन्धित अनुदान सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्दा परिच्छेद-३ मा उल्लेख भए बमोजिमको विधि र प्रक्रिया अवलम्बन गरी गर्नु पर्नेछ।

(२) यस दफा बमोजिम उद्योग तथा उपभोक्ता हित संरक्षणसँग सम्बन्धित क्रियाकलापको कार्यान्वयन अनुसूची-७ को खण्ड (ङ) मा उल्लेख गरिएको विधि तथा प्रक्रिया बमोजिम गर्नु पर्नेछ।

(३) यस दफा बमोजिम श्रम तथा रोजगार र अन्य वार्षिक कार्यक्रममा उल्लिखित कार्यक्रमको कार्यान्वयन अनुसूची-७ को खण्ड (च) मा उल्लेख गरिएको विधि तथा प्रक्रिया बमोजिम गर्नु पर्नेछ।

३०. **पूँजीगत अनुसन्धान तथा परामर्श सम्बन्धी कार्यक्रम कार्यान्वयनः** (१) पूँजीगत अनुसन्धान तथा परामर्श सम्बन्धी कार्य गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यक्रमको उद्देश्य बमोजिम वस्तुपरक कार्यक्षेत्रगत शर्त र लागत अनुमान तयारी तथा स्वीकृत गरी गर्नु पर्नेछ।

(२) अध्ययन अनुसन्धान सम्बन्धी प्रतिवेदन स्वीकार गर्दा कार्यक्षेत्रगत शर्तमा उल्लेख भए बमोजिम भए नभएको पुनरावलोकन गरी मात्र स्वीकार गर्नु पर्नेछ।

(३) यस कार्यक्रममा बमोजिम भए गरिएका अध्ययन प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।

## परिच्छेद-५
## विविध

३१. **प्रतिवेदन तथा अभिलेखन सम्बन्धी व्यवस्थाः** प्रत्येक कार्यालयले सम्पादित कार्यक्रमहरूको श्रव्यदृश्य सामाग्रीहरू तयार गर्नुको साथै आयोजनाको पूर्ववत अवस्था र कार्यसम्पन्न भएपछि आयोजनाको विस्तृत विवरण खुलाई वार्षिक प्रगति प्रतिवेदन तालुक निकाय वा सम्बन्धित निर्देशनालय र मन्त्रालयमा पेश गर्नु पर्नेछ र त्यस्तो प्रगति प्रतिवेदनमा आयोजनाले सिर्जना गरेको रोजगारीको संख्या पनि समावेश गर्नु पर्नेछ।

३२. **सार्वजनिक सुनुवाई र विवरण प्रकाशन गर्नुपर्नेः** (१) कार्यक्रमको कार्यान्वयनलाई पारदर्शी बनाउन कार्यक्रम कार्यान्वयन गर्ने गराउने कार्यालयले सार्वजनिक सुनुवाई गर्नु पर्नेछ।

(२) अनुदानग्राहीलाई अनुदान उपलब्ध गराउने प्रत्येक कार्यालयले अनुदान सम्बन्धी विवरण वेबसाइटमा (वेबसाइट नभएको हकमा सूचना पाटी वा बुलेटिन मार्फत) नियमित रूपमा अद्यावधिक गरी प्रकाशन गर्नुका साथै उक्त विवरणहरू मासिक रूपमा निर्देशनालय वा मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) मन्त्रालयले अनुदान विवरणको अभिलेख राखी सोको अद्यावधिक गर्नु पर्नेछ।

(४) सञ्चालन भएको कार्यक्रमको कार्यक्रम कार्यान्वयन स्थलमा जानकारीमूलक होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ।

३३. **सम्झौता गर्ने निकायः** कार्यक्रम सञ्चालन गर्ने अख्तियारी प्राप्त कार्यालयले कार्यक्रम सञ्चालन सम्झौता गर्नेछ।

३४. **अनुगमन तथा मूल्याङ्कनः** (१) कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा भुक्तानीको अनुगमन तथा मूल्याङ्कन आवश्यकतानुसार सम्बन्धित कार्यालय, निर्देशनालय र मन्त्रालयबाट हुनेछ।

(२) उपदफा (१) मा उल्लिखित व्यवस्थाका अलावा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सरोकारवाला मन्त्रालय, कर्णाली प्रदेश योजना आयोग र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समेत

गर्न सक्नेछ।

(३) जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तर प्रतिनिधि, सम्बन्धित स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष, सम्बन्धित कार्यालयको प्रमुख, सरोकारवाला निकायका प्रतिनिधि र आवश्यकता अनुसार विषय विज्ञको सहभागितामा कार्यक्रमको अनुगमन तथा सहजीकरण गर्न सकिनेछ र यसरी गरिने अनुगमनमा प्रदेश सभाका सदस्यहरूलाई समेत आमन्त्रण गर्न सकिनेछ।

**३५. सम्झौता बमोजिम हुनेः** (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने क्रियाकलाप र निर्माण गरिएका पूर्वाधार तथा सुविधाको प्रयोग सम्झौतामा तोकिए बमोजिमको प्रयोजनका लागि मात्र गरिनेछ र कार्यक्रम सञ्चालन गर्ने निकायको पूर्व स्वीकृति नलिई तोकिएको अवधिभित्र कुनै प्रकारको फेरबदल वा संरचनाको स्वरूप परिवर्तन, विक्री वितरण कार्य गर्न पाइने छैन।

(२) यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रम सम्पन्न भएपछि कम्तिमा सम्झौतामा तोकिएको अवधिसम्म निरन्तर रूपमा सञ्चालन गर्नु पर्नेछ।

**३६. कार्यक्रमको प्रभावकारिताः** (१) कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह र अन्य कुनै निकायबाट कार्यान्वयन हुने आयोजनाहरूसँग दोहोरोपना नहुने गरी आवश्यक समन्वय गरेर कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२) प्रदेशमा राष्ट्रिय/अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरूबाट सञ्चालित मन्त्रालयसँग सम्बन्धित कार्यक्रमको वार्षिक प्रगति प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।

**३७. प्रचलित कानून र विषयक्षेत्रगत कार्यविधि बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका कार्यक्रम बाहेकका कार्यक्रम प्रचलित सार्वजनिक खरिद तथा आर्थिक कार्यविधि सम्बन्धी कानून र मन्त्रालयले बनाएको विषयक्षेत्रसँग सम्बन्धित कार्यविधि बमोजिम कार्यान्वयन गर्नु पर्नेछ।

**३८. प्रचलित कानून बमोजिम हुनेः** (१) यस कार्यविधिमा उल्लिखित कार्यक्रम कार्यान्वयन गर्दा यस कार्यविधिमा उल्लेख भएकोमा यसै बमोजिम र नभएकोमा प्रचलित कानून, प्राविधिक मापदण्ड तथा नर्म्समा उल्लेख भए बमोजिम हुनेछ।

**३९. अनुसूचीमा संशोधनः** मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीमा संशोधन, थपघट वा हेरफेर गर्न सक्नेछ।

अनुसूची-१

(दफा १३ को उपदफा (३) सँग सम्बन्धित)

**प्रस्ताव आव्हान गर्दा सूचनामा समावेश गर्नु पर्ने विषयहरू**

(क) कार्यक्रम/आयोजनाको नाम,

(ख) कार्यक्रम/आयोजनाको उद्देश्य,

(ग) कार्यक्रम/आयोजनाका मुख्य-मुख्य क्रियाकलाप,

(घ) अनुदान उपलब्ध गराउन सकिने क्रियाकलाप,

(ङ) अनुदानग्राहीले पेश गर्नुपर्ने कागजात,

(च) अनुदानग्राहीको योग्यता र पालना गर्नुपर्ने शर्त,

(छ) कार्यक्रम सञ्चालन हुने स्थान,

(ज) अनुदानग्राहीको तर्फबाट गर्नुपर्ने साझेदारी,

(झ) अनुदानग्राहीले पाउन सक्ने अधिकतम वस्तुगत सहायता वा रकमको सीमा,

(ञ) लाभान्वित संख्या देखिने उपलब्धी मूल्याङ्कन सूचक,

(ट) निवेदन पेश गर्नुपर्ने निकाय र अपनाउनु पर्ने प्रक्रिया,

(ठ) कार्यक्रम व्यवस्थापन गर्ने निकायले आवश्यक ठानेका अन्य विषय।

अनुसूची-२

(दफा १३ को उपदफा (३) सँग सम्बन्धित)

**अनुदानको लागि पेश गर्ने आवेदनको ढाँचा**

मितिः

**विषयः अनुदान उपलब्ध गराइ दिनु हुन।**

श्रीमान् ........................... ज्यू,

.........................................।

महोदय,

तहाँ मन्त्रालय/कार्यालयबाट मिति...........................मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको ............................कार्यक्रमको उद्देश्य, लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ। कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछौं/छु।

**तपसिल**

अनुदानग्राहीको नामः

ठेगानाः

स्थानीय तहः

वडा नं.:

कार्यक्रमको नामः

कार्यक्रमको उद्देश्यः

अनुदान रकम आवश्यक पर्नाको कारणः

सञ्चालन गरिने कार्यक्रमः क्रमागत भए गत आ.व. सम्मको लेखापरीक्षण प्रतिवेदन

कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागतः

कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः

कार्यक्रम सञ्चालन गर्ने कार्ययोजनाः

कार्यक्रमबाट लाभान्वित जनसंख्याः

**निवेदक**

लाभान्वित समूह/लघु, घरेलु तथा औद्योगिक सहकारी संस्था/लघु, घरेलु तथा औद्योगिक फर्म/उद्यमी

अध्यक्ष/प्रतिनिधिको दस्तखतः

नाम थरः

पदः

सम्पर्क फोन नं.:

मितिः

संस्थाको छाप

अनुसूची-३

(दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

**<u>सम्झौताको ढाँचा</u>**

यो सम्झौता पत्र………/मन्त्रालय/कार्यालय/केन्द्र (यस पछि पहिलो पक्ष भनिएको) र ………… लघु, घरेलु तथा औद्यौगिक फार्म/उद्यमी कृषक ………… गा.पा./न.पा. ………… वडा नं. …… टोल (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको शर्त बमोजिमको कुराहरूलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ।

यो सम्झौता, सम्झौता भएको मिति …..देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/इष्टिमेट बमोजिमको कार्य यथाशीघ्र सञ्चालन गरी मितिः …….. साल ……..महिना…..गतेसम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।

(१) यस सम्झौता बमोजिमको ………….. कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य दोस्रो पक्ष आफैंले गर्नु पर्नेछ। दोस्रो पक्ष आफैंले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन।

(२) सम्झौता बमोजिमको कार्य सञ्चालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरूप रु………(अक्षरेपी…………) र दोस्रो पक्षको लागत सहभागिता रु………(अक्षरेपी……..) व्यहोरिनेछ।

(३) दोस्रो पक्षले सम्झौता बमोजिमको ……………… कार्यक्रम अन्तर्गत………………….व्यवसाय/उद्यम सञ्चालनका लागि सम्झौतामा समावेश गरिएको स्रोत बाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघसंस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ।

(४) दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

(५) दोस्रो पक्षले …………………कार्यक्रम अन्तर्गत……………………..व्यवसाय सञ्चालन सम्बन्धी कार्यको सार्वजनिक जानकारीका लागि सार्वजनिक परीक्षण गराउनु पर्नेछ।

(६) प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष विल पेश भए पश्चात सम्बन्धित दोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिनेछ।

(७) दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्यसम्पन्न नभई हानिनोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ।

(८) दोस्रो पक्षले स्वीकृत प्रस्तावनाको कार्य तालिका बमोजिम ………. मिति सम्म यो सम्झौता बमोजिमको सम्पूर्ण कार्य (स्वीकृत प्रस्तावना/इष्टिमेटअनुसार) पूर्ण रूपमा सम्पन्न गरी सञ्चालनमा ल्याउने छ।

(९) सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

**<u>कार्यविधिको खण्डबाट सम्झौतामा अनिवार्य उल्लेख हुनुपर्ने विषयहरू</u>**

(१०) कार्यक्रमको विस्तृत लागत अनुमान, डिजाइन संलग्न भए बमोजिम हुनेछ।

(११) भुक्तानी हुने खाता नम्बरः नामः खाता नम्बरः

(१२) यो सम्झौतामा उल्लेख भएका कुराहरूमा यस बमोजिम र अन्य कुराहरूमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

| **पहिलोपक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| पद | पद |
| मिति | मिति |

| | |
|---|---|
| कार्यालयको छाप | संस्थाको छाप |

**रोहवर**

| | |
|---|---|
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| ठेगाना | ठेगाना |
| मिति | मिति |

अनुसूची-४

(दफा १९ को उपदफा (१) सँग सम्बन्धित)

**भुक्तानी गर्नु पूर्व पूरा गर्नु पर्ने प्रक्रिया तथा अभिलेखहरू**

(१) कार्य सम्पन्न भए पश्चात समूहले सम्पन्न कामको विवरण, फोटो र फर्म, कम्पनी, समूह वा समितिको निर्णय सहित कार्यालयमा निवेदन गर्नु पर्नेछ।

(२) कार्य सम्पन्न भएको जानकारी प्राप्त भएपछि सम्बन्धित प्राविधिक खटाइ सकेसम्म स्थानीय जनप्रतिनिधि समेतको सहभागितामा ३ लाख भन्दा माथिको कार्यक्रमको हकमा सार्वजिनक सुनुवाइ गराउनु पर्नेछ। साथै ५० लाख भन्दा बढिको आयोजनाको हकमा जिल्ला समन्वय समितिको सहभागितामा अनुगमन भएको हुनु पर्नेछ।

(३) सम्झौता अनुसारको कार्य सम्पन्न भए पश्चात सोको प्राविधिक प्रतिवेदन र सम्बन्धित स्थानीय तह, वडापालिकाको सिफारिस सहित कार्य सम्पन्न भएको जानकारी लिखित रूपमा गर्नुपर्नेछ।

(४) प्राप्त जानकारी अनुरूप कार्य सम्पन्न भए नभएको स्थलगत निरीक्षण गरी सोको प्राविधिक प्रतिवेदन पेश भए पछि ल.ई. मध्ये सम्पन्न कामको भुक्तानी गरिनेछ।

(५) कार्यक्रम सञ्चालन गर्ने जिम्मेवार निकायले प्रचलित कानुन बमोजिम प्राविधिक जाँचपास हुनु पर्ने आयोजना तथा कार्यक्रमको योग्यता पुगेका प्राविधिकबाट जाँचपास गराउनु पर्नेछ।

(६) यसरी भुक्तानी गर्दा निर्माण कार्यको काम दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागिताको अंश कट्टा (उ.स. मार्फत भएमा) गरेर मात्र भुक्तानी दिनु पर्नेछ।

(७) भुक्तानी दिनु अघि कार्यसम्पन्न प्रतिवेदन, ठेक्का विल, सार्वजनिक लेखापरीक्षण प्रतिवेदन (उ.स. मार्फत भएमा), सुपरिवेक्षण तथा अनुगमन प्रतिवेदन (फोटो सहित) समेत अनिवार्य रूपमा पेश गर्नु पर्नेछ। कार्यादेश प्राप्त कर्मचारीले खर्चको विल भर्पाई सहित कार्य सम्पनन्न प्रतिवेदन पेश गर्नु पर्नेछ।

(८) स्थलगत निरीक्षण गरी पेश भएको कार्य सम्पन्न प्रतिवेदन अनुरूप कार्य सम्पन्न भए नभएको यकिन गरी जाँचपास प्रतिवेदन संलग्न गर्नु पर्नेछ।

(९) अन्तिम भुक्तानी वा पेश्की फछ्र्यौटको लागि भिडियो र फोटो सहितको सुपरिवेक्षण तथा अनुगमन प्रतिवेदन अनिवार्य रूपमा पेश गर्नु पर्नेछ।

अनुसूची-५

(दफा १९ को उपदफा (२) सँग सम्बन्धित)

**अनुगमन तथा मूल्याङ्कन गर्दा समेट्नु पर्ने विषयहरू**

(१) कार्यालयले अनुगमन तथा मूल्याङ्कनका लागि कार्यालयको संगठन संरचना र उपलब्ध जनशक्तिको आधारमा अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवारी तोक्नु पर्ने छ। योजनाको सम्झौता सँगै कार्यादेश सँगै अनुगमन गर्ने अधिकारी तोकेर निजले सो क्रममा गर्नु पर्ने कार्यहरू तोकिदिनु पर्नेछ।

(२) अनुमगनकर्ताले योजनाको सम्झौता स्वीकृत ल.ई. ड्रइङ र डिजाइन अनुसार आयोजनागत प्रोफाइल तयार गर्न आवश्यक विवरणहरू समेत समेटी अनुगमनका क्रममा भर्नु पर्ने फाराम तयार गरी स्वीकृत गराउनु पर्नेछ।

(३) हरेक योजनाको आयोजनाको सूचना पाटी राखिने व्यवस्था सुनिश्चित गर्नु पर्नेछ।

(४) अनुमगनकर्ताले उपभोक्ता समूहमा पनि अनुगमन समिति गठन गरी समूहका तर्फबाट अनुगमन गर्ने प्रबन्ध मिलाउनु पर्नेछ।

(५) उपभोक्ता समूह वा कामदारलाई स्वीकृत लागत इष्टमेट, डिजाइनका बारेमा प्रष्ट जानकारी दिनु पर्ने छ र काम शुरु गर्नु पहिले कामको विषयमा अनिवार्य रूपमा अभिमुखीकरण गरिएको हुनु पर्ने छ। त्यस्तो अभिमुखीकरणमा उपस्थित हुने सहभागीहरूको अभिलेख समेत राख्नु पर्नेछ।

(६) अनुगमनकर्ताले आयोजना शुरु हुन पूर्व, आयोजना सुचारुको अवधी र आयोजना समाप्ती पछि गरी कम्तिमा ३ पटक अनुगमन गरी सो बेलाको फोटो र भिडीयो संलग्न गरेको हुनु पर्ने र कार्यालय प्रमुखले सो कुराको अनुगमण र निरीक्षण गरी सुनिश्चित गर्नु पर्नेछ। कार्यालय प्रमुखले कार्यको प्रकृति हेरी मासिक, द्वैमासिक, चौमासिक कार्यतालिका तयार गरी अनुगमन र पृष्ठपोषण गर्नु पर्नेछ।

(७) कार्य सम्पन्न भएपछि स्थानीय जनप्रतिनिधि, वडा प्रतिनिधि समेतको सहभागीतामा सार्वजिनक सुनुवाई गर्नु पर्नेछ।

(८) निश्चित रकम (५० लाख) भन्दा बढीको अनुगमन तथा मूल्याङ्कनमा जिल्ला समन्वय समितिका प्रमुख वा प्रतिनिधिलाई सहभागी गराउनु पर्ने छ। निर्देशनालयको तर्फबाट चौमासिक रूपमा र मन्त्रालयको तर्फबाट वार्षिक रूपमा स्याम्पलको रूपमा उपरोक्त अनुसार भए नभएको अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ।

(९) वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले सेवाकालीन तालिम वा अन्य छोटो तालिम दिएपछि त्यसको प्रभाव कर्मचारीमा पऱ्यो वा परेन भनी प्रभावकारिता जाँच गर्न तालिम लिने कर्मचारीको फिल्ड अनुगमन गर्न सकिनेछ। त्यसरी अनुगमन गर्दा तालिम प्राप्त कर्मचारीले गरेका काममा परिवर्तनका सूचकहरू हेर्ने तथा सो कार्यालयमा सोधपुछ तथा छलफल गरी तालिम कार्यक्रमको फिडब्याक लिनु पर्नेछ।

(१०) सम्बन्धित कार्यालयका प्रमुख तथा माथिल्लो स्तरका कर्मचारीबाट सम्बन्धित कर्मचारीको अनुगमन तथा सुपरिवेक्षण र पृष्ठपोषण लिन सकिनेछ।

(११) तालिम लिने कर्मचारीको कार्यशैलीमा परिवर्तन आए नआएको, विषयगत ज्ञान, प्रविधिको प्रयोग जस्ता विषय हेरिनेछ।

(१२) प्रदेश मन्त्रालय र निर्देशनालयबाट फिल्ड अनुगमन गर्दा प्राप्त फिडब्याकलाई तालिम कार्यक्रमहरूको डिजाइनमा समावेश गर्नु पर्नेछ।

अनुसुची-६

(दफा १९ को उपदफा ३ सँग सम्बन्धित)

**<u>सम्पन्न काम र खर्चको प्रतिवेदन ढाँचा</u>**

कार्यक्रमको नामः..........................................................

अनुदान प्रदान गर्ने निकायको नामः.................................................

अनुदानग्राहीको नामः........................................................................

कार्यक्रम सञ्चालन अवधिः.........................................................................

लाभान्वित संख्या) क्षेत्रगत विस्तृतमा)...................................................................

कार्यक्रममा अन्य कुनै साझेदार निकाय भएमा नाम.........................साझेदारीको रकम.......................

| क.सं. | क्रियाकलाप | अनुदान रकम रु. | लक्ष्य(इकाई) | | प्रगति प्रतिशत | | लक्ष्य अनुसार प्रगति हुन नसकेको भए कारण | मासिक/ चौमासिक/ अर्धवार्षिक/ वार्षिक/ अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

<u>ठोस प्रगति/उपलब्धिः</u>

१..........................................................................

२...............................................................................

३..........................................................................

<u>कार्यालय प्रमुख</u>

दस्तखतः

नामः....................

पदः.............................

**द्रष्टव्यः** कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी मन्त्रालयले प्रगति प्रतिवेदनको ढाँचा तयार गर्न सक्नेछ।

## अनुसूची-७

## कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयन गर्ने विधि

(दफा २५ को उपदफा (६), दफा २६ को उपदफा (९), दफा २७ को उपदफा (७) दफा २८ को उपदफा (६), दफा २९ को उपदफा (२) सँग सम्बन्धित)

### खण्ड (क)

### दिगो वन विकास तथा व्यवस्थापन र वातावरण संरक्षण कार्यक्रम कार्यान्वयन कार्यविधि

| | |
|---|---|
| **कार्यक्रमको नामः** | **वन सुरक्षा योजना कार्यान्वयन** |
| पृष्ठभूमि र उद्देश्यः | जिल्ला भित्रको वन क्षेत्रको संरक्षण तथा सबै प्रकारका वन, वन्यजन्तु अपराध नियन्त्रण तथा वन अपराध नियन्त्रणका लागि अन्य सुरक्षा निकायहरूसँग समन्वय तथा सहकार्य गर्न यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलाप र सञ्चालन विधि | यस कार्यक्रमको कार्यान्वयनको लागि प्रत्येक डिभिजन वन कार्यालयले जिल्लाको वन सुरक्षाको समग्र अवस्था र वन सुरक्षा सम्बन्धी चुनौतीको पहिचान तथा चुनौति सामना गर्नको लागि आर्थिक वर्षको प्रथम त्रैमासिक भित्र वन नियमावली, २०७९ को नियम ११८ को उपनियन (२) बमोजिम **जिल्ला वन सुरक्षा योजना** तयार गरी जिल्ला वन सुरक्षा समितिबाट अनुमोदन गर्नु पर्नेछ। वन सुरक्षा योजना अनुमोदन भएपश्चात सोही योजना बमोजिम देहाय बमोजिमका क्रियाकलापहरू गर्नु पर्नेछः-<br>✓ त्रैमासिक रूपमा जिल्ला वन सुरक्षा समितिको बैठक सञ्चालन गर्ने,<br>✓ वन अपराध नियन्त्रणको लागि गस्ती परिचालन गर्ने,<br>✓ वन अपराध नियन्त्रणको लागि अन्य सुरक्षा निकाय परिचालन गर्ने,<br>✓ जिल्ला वन्यजन्तु अपराध नियन्त्रण एकाई (DWCCB) को बैठक सञ्चालन गर्ने।<br>✓ आर्थिक वर्षको अन्तमा जिल्लाको वार्षिक वन सुरक्षा प्रतिवेदन तयार गरी जिल्ला वन सुरक्षा समिति र प्रदेश वन निर्देशनालयमा पेश गर्ने। |
| बजेट रकम खर्च गर्ने विधि | यस कार्यक्रममा विनियोजन भएको रकम देहाय बमोजिम खर्च गर्न सकिनेछः-<br>✓ जिल्ला वन सुरक्षा समितिको बैठक भत्ता, खाजा, स्टेसनरी,<br>✓ वन गस्ति परिचालन गर्दा वन कर्मचारीलाई दैनिक खाजा खर्च (दैनिक भ्रमण भत्ता दिन नहुने),<br>✓ अन्य सुरक्षा निकाय परिचालन गर्दा दैनिक भ्रमण भत्ता,<br>✓ सवारी साधन ईन्धन तथा मर्मत। |
| **कार्यक्रमको नामः** | **वन अपराधको सूचना सङ्कलन** |
| पृष्ठभूमि र उद्देश्यः | जिल्लास्तरमा हुने अतिक्रमण, चोरी शिकार तथा चोरी निकासी जस्ता वन अपराधहरूको गोप्यरूपमा सूचना सङ्कलन गरी वन अपराध नियन्त्रणका लागि यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलाप र सञ्चालन विधि | यस कार्यक्रम अन्तर्गत डिभिजनल वन अधिकृतले गोप्य तवरले प्रत्येक स्थानीय तहमा कम्तिमा एक जनाको दरले वन अपराधको सूचना सङ्कलनकर्ता/सूचक नियुक्त गर्नु पर्नेछ |

| | |
|---|---|
| | र त्यसरी नियुक्त सूचकले नियमित रूपमा डिभिजन वन अधिकृत वा निजले तोकेकोअधिकारीलाई वन अपराध सम्बन्धी सूचना उपलब्ध गराउनु पर्नेछ। कुनै पनि वन अपराधको सुचना प्राप्त भए पश्चात तुरुन्तै डिभिजन वन कार्यालयले वा सब डिभिजन वन कार्यालय मार्फत अपराध नियन्त्रणको लागि पहल गर्नु पर्नेछ।<br>यस कार्यक्रममा अन्तर्गत खटिएका सूचकहरूबाट प्राप्त भएका सूचना र सो सम्बन्धमा भए गरेका कार्यहरूको विवरण डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकारीले **मासिक प्रतिवेदन** कार्यालयमा पेश गर्नुपर्नेछ। |
| बजेट रकम खर्च गर्ने विधि | यस कार्यक्रममा विनियोजित बजेट देहाय बमोजिम खर्च गर्न सकिनेछः-<br>✓ सूचकलाई दैनिक वा मासिक भत्ता,<br>✓ खटिएको अवस्थामा खाजा खर्च,<br>✓ यस सम्बन्धी कार्य गर्ने अधिकारी र सूचकलाई सञ्चार खर्च। |
| **कार्यक्रमको नामः** | **वन अनुसन्धान तथा तहकिकात तथा अभियोजन** |
| पृष्ठभूमि र उद्देश्यः | वन तथा वन्यजन्तु अपराध सम्बन्धी अनुसन्धान,तहकिकात रअभियोजनका लागि यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलाप र सञ्चालन विधि | आर्थिक वर्षको अन्तमा वर्षभरी अनुसन्धान तथा तहकिकात अभियोजन भएका मुद्दाको विवरण निर्देशनालयमा पेश गर्ने गरी यस कार्यक्रमबाट देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछः-<br>✓ वन मुद्दाको अनुसन्धान, तहकिकात तथा अभियोजन कार्य,<br>✓ बरामद भएका मालवस्तुको ढुवानी खर्च,<br>✓ वन मुद्दा सम्बन्धमा वन कर्मचारीहरूलाई जिल्लास्तरमा एक पटक अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। |
| बजेट रकम खर्च गर्ने विधि | यस कार्यक्रमको लागि विनियोजित रकम देहाय बमोजिम खर्च गर्न सकिनेछः-<br>✓ वन अनुसन्धान सम्बन्धी आवश्यक फाराम छपाई तथा स्टेसनरी,<br>✓ वन अनुसन्धानमा खटिने कर्मचारीहरूलाई दैनिक भ्रमण भत्ता,<br>✓ वन अनुसन्धानमा सहयोगको लागि खटिने सुरक्षा निकायका कर्मचारीहरूलाई भत्ता,<br>✓ सवारी साधनको लागि इन्धन तथा मर्मत खर्च,<br>✓ बरामद भएका मालवस्तुको ढुवानी खर्च।<br>यसमा विनियोजित बजेट मुद्दाको प्रकृति हेरी यस कार्यक्रम मार्फत अनुसन्धान अधिकारीलाई पेश्की रकम समेत उपलब्ध गराउन सकिनेछ। |
| **कार्यक्रमको नामः** | **वन क्षेत्र अतिक्रमण हटाई पुनःर्स्थापना र वृक्षारोपण** |
| पृष्ठभूमि र उद्देश्यः | वन अतिक्रमण नियन्त्रण तथा रोकथाम गर्न तथा अतिक्रमित क्षेत्रहरूलाई क्रमशः खाली गरी वृक्षारोपण तथा संरक्षण गर्नको लागि यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलाप तथा सञ्चालन विधि | वन अतिक्रमण हुन नदिन तथा अतिक्रमित क्षेत्रलाई पुनःस्थापना गर्नको लागि देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछः-<br>✓ अतिक्रमण भएका र अतिक्रमणको हिसाबले संवेधनशील क्षेत्रहरूको |

| | |
|---|---|
| | पहिचान गरी नक्साङ्कन गर्ने,<br>✓ जिल्ला वन अतिक्रमण नियन्त्रण समितिको बैठक सञ्चालन गर्ने,<br>✓ अतिक्रमण नियन्त्रणको लागि कार्ययोजना तयार गर्ने,<br>✓ अतिक्रमित क्षेत्रका संरचनाहरू हटाउने र सो कार्यमा आवश्यकता अनुसार अन्य सुरक्षा निकाय परिचालन गर्ने,<br>✓ अतिक्रमण नियन्त्रण गरिएका क्षेत्रहरूमा वृक्षारोपण गर्ने तथा सो को लागि संरक्षणको व्यवस्था गर्ने।<br>यस कार्यक्रम अन्तर्गत भएका क्रियाकलापहरूको प्रतिवेदन डिभिजन वन कार्यालयले त्रैमासिक रूपमा निर्देशनालयमा पेश गर्नु पर्नेछ। |
| बजेट खर्च विधि | यस शिर्षकमा विनियोजित रकम देहाय बमोजिमका क्रियाकलापहरूमा खर्च गर्न सकिनेछः-<br>✓ अतिक्रमण नियन्त्रण समितिको बैठक सञ्चालन खर्च,<br>✓ अतिक्रमण नियन्त्रणको लागि वन कर्मचारी तथा सुरक्षा निकाय परिचालन गर्दा लाग्ने दैनिक भ्रमण भत्ता, इन्धन तथा यातायात खर्च,<br>✓ अतिक्रमित क्षेत्रको सिमाङ्कन तथा नक्साङ्कन कार्यको लागि नापी कार्यालयका कर्मचारीको परिचालन,<br>✓ अतिक्रमित क्षेत्रको तथ्याङ्क सङ्कलन तथा डाटावेस तयारी गर्ने। |
| **कार्यक्रमको नामः** | **महत्त्वपूर्ण जैविक विविधतायुक्त क्षेत्र संरक्षण तथा व्यवस्थापन** |
| पृष्ठभूमि र उद्देश्यः | जैविक विविधताका दृष्टिकोणले महत्त्वपूर्ण वन क्षेत्रको पहिचान गरी वन, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण गर्नको लागि यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलाप तथा सञ्चालन विधि | यस कार्यक्रम कार्यान्वियनको लागि देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछः-<br>✓ जिल्लाभित्र रहेका महत्त्वपूर्ण वन क्षेत्रहरूको सहभागितामूलक हिसाबले पहिचान, नक्साङ्कन,<br>✓ पहिचान गरिएका महत्त्वपूर्ण जैविक विविधतायुक्त क्षेत्रहरूको संरक्षणको लागि उल्लेखित क्षेत्रहरूमा लामो दुरीको वन गस्ती,<br>✓ संरक्षणका लागि समूह/सञ्जाल गठन, परिचालन, सचेतना विस्तार, प्रचार-प्रसार तथा प्रकाशन। |
| बजेट रकम खर्च गर्ने विधि | यस कार्यक्रममा विनियोजन भएको रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका बमोजिम हुने गरी देहाय बमोजिम कार्यमा खर्च गर्न सकिनेछः-<br>✓ सहभागितामूलक भेला बैठकहरूमा खाजा, भत्ता, स्टेसनरी,<br>✓ जैविक विविधतायुक्त क्षेत्रहरूको नक्सा तयारी,<br>✓ लामो दुरीको वन गस्तिको लागि टेन्ट, स्लिपिङ्ग ब्याग लगायतका सामाग्री खरिद, ढुवानी/यातायात तथा दैनिक भ्रमण भत्ता,<br>✓ महत्त्वपूर्ण जैविक विविधतायुक्त क्षेत्र संरक्षणको लागि होर्डिङ्ग बोर्ड, |

| | |
|---|---|
| | डिजिटल जानकारी तथा प्रचार प्रसार, पुस्तिका, पम्पलेट तयारी। |
| **कार्यक्रमको नामः** | **वन्यजन्तुको वासस्थान संरक्षण कार्यक्रम** |
| पृष्ठभूमि र उद्देश्यः | डिभिजन वन कार्यालयको कार्यक्षेत्रभित्र वन्यजन्तुहरूको वासस्थान व्यवस्थापन गरी वन्यजन्तु संरक्षण गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलाप तथा सञ्चालन विधि | यस कार्यक्रमबाट वन्यजन्तुको वासस्थान संरक्षणको लागि देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछः-<br>✓ महत्त्वपूर्ण वासस्थानहरूको पहिचान तथा नक्साङ्कन,<br>✓ पानी पोखरी निर्माण तथा मर्मत, खर्क तथा घाँसे मैदान व्यवस्थापन, वनजन्य फलफूल रोपण तथा वन्यजन्तुमैत्री स-साना संरचना निर्माण,<br>✓ जैविक मार्ग संरक्षण तथा व्यवस्थापन,<br>✓ सचेतनामूलक कार्यक्रम सञ्चालन,<br>✓ वन उपभोक्ता समूहहरू मार्फत वन्यजन्तुको वासस्थान संरक्षणका आवश्यक क्रियाकलाप सञ्चालन। |
| बजेट रकम खर्च गर्ने विधि | यस कार्यक्रममा विनियोजित रकमबाट कार्यालयले लागत अनुमान तयार तथा स्वीकृत गरी प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका बमोजिम तथ्याङ्क सङ्कलन, नक्साङ्कन, सचेतनामूलक कार्यमा खाजा तथा स्टेसनरी खर्च, वृक्षारोपण लगायतका कार्यमा खर्च गर्न सकिनेछ। |
| **कार्यक्रमको नामः** | **सव-डिभिजन वन कार्यालयको संस्थागत विकास** |
| पृष्ठभूमि र उद्देश्यः | वन संरक्षणका लागि स्थानीय रूपमा परिचालित भई वन संरक्षण गर्ने संयन्त्रको रूपमा रहेका सव-डिभिजन कार्यालयहरूको संस्थागत विकास गरी वन तथा वातावरणको संरक्षण गर्दै सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले यो कार्यक्रम तय गरिएको छ। |
| क्रियाकलाप तथा सञ्चालन विधि | सव-डिभिजन वन कार्यालयको संस्थागत विकासका सब डिभिजन वन कार्यालयका प्रमुखहरू सहितको उपस्थितिमा बैठकको निर्णयमा देहाय बमोजिमका क्रियाक्रलापहरू सञ्चालन गर्न सकिनेछः-<br>✓ **कार्यालय व्यवस्थापनः सव**-डिभिजन कार्यालयको क्षेत्र, क्षेत्रभित्र पर्ने स्थानीय तह तथा सामुदायिक वन र अन्य वन र वन समूहको अवस्थित देखिने नक्सा तयार गरी कार्यालय परिसरमा राख्ने, सव-डिभिजन वन कार्यालयको सेवा प्रवाहको लागि आवश्यक कम्प्युटर, प्रिन्टर, फोटोकपि पेपर, स्टेसनरी तथा मसलन्द समाग्रीहरू तथा अन्य आवश्यक समाग्रीहरू जस्तैः कार्पेट, पर्दा, दराज, कुर्सी, टेवल व्यवस्थापन।<br>✓ **आवास व्यवस्थापनः** सव-डिभिजन वन कार्यालयको आवास व्यवस्थापन (कर्मचारीहरूलाई आवासीय व्यवस्थापन गर्नको लागि कार्यालयमा रहने आवासीय समानहरू) गर्ने, |

| | |
|---|---|
| | ✓ सवारीसाधन व्यवस्थापन तथा मर्मत। |
| बजेट रकम खर्च गर्ने विधि | सव-डिभिजन वन कार्यालयकाबाट माग भए बमोजिम लागत अनुमान तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यालयले खरिद गरी सव-डिभिजन वन कार्यालयमा हस्तान्तरण गर्नुपर्नेछ। |
| **कार्यक्रमको नामः** | **Rangers' Gear तथा वन सुरक्षा सामग्रीहरू खरिद** |
| पृष्ठभूमि र उद्देश्यः | वन, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण गर्नको लागि अहोरात्र खटिएका वन कर्मचारीहरूले बेलाबेलामा विभिन्न हातहतियार सहितका वन अपराधमा संलग्न व्यक्तिहरूको समेत सामना गर्नुपर्ने हुँदा न्यूनतमरूपमा अत्यावश्यक वन सुरक्षा समाग्रीहरूको व्यवस्था गरी सुरक्षाको प्रत्याभुती गर्न यो कार्यक्रम तय गरिएको छ। |
| सञ्चालन गरिने क्रियाकलापहरू | यस कार्यक्रममा विनियोजन भएको रकम मार्फत देहायका वन सुरक्षा सामग्री व्यवस्थापन गर्न सकिनेछः-<br>यस कार्यक्रममा विनियोजन भएको रकम मार्फत देहायका वन सुरक्षा सामग्री व्यवस्थापन गर्न सकिनेछः-<br>✓ **सञ्चार उपकरणः** सम्बन्धित निकायबाट अनुमति प्राप्त गरी स्याटेलाईटमा आधारित सञ्चार सेट प्रति सव-डिभिजन कम्तिमा एक वटाका दरले पुग्ने गरी खरिद गर्ने,<br>✓ **सुरक्षा उपकरणः** प्रदेश वन निर्देशनालयसँगको समन्वयमा (हत्कडी, Walking Stick, सानो सुरक्षा चक्कु, अग्नी सुरक्षा ज्याकेट, सुरक्षा डोरी, घटनास्थल घेरा, सुरक्षा हेलमेट, Crime Scene Processing Kit, Spy Camera) खरिद गर्ने,<br>✓ **फिल्ड पोशाकः** यस प्रयोजनको लागि उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयले स्वीकृत गरेको Dress Code कार्यविधिमा व्यवस्था भए बमोजिमको फिल्ड पोशाक समाग्रीहरू व्यवस्थापन गर्न सकिनेछ।<br>✓ **फिल्ड समाग्रीः** (रेन्कोट, टर्चलाइट, तुम्लेट, टेन्ट, Sleeping Mat, Sleeping bag) खरिद गर्ने। |
| बजेट रकम खर्च गर्ने विधि | यस कार्यक्रमको लागि विनियोजित रकमबाट प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको प्रक्रिया पुरा गरी खरिद तथा व्यवस्थापनका कार्य गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **बहुमूल्य जडीबुटी संरक्षण सम्बन्धी जनचेतना कार्यक्रम** |
| पृष्ठभूमि र उद्देश्यः | कर्णाली प्रदेशका उच्च हिमाली जिल्लाहरूमा रहेका बहुमूल्य जडीबुटीहरूको संरक्षण गर्नको लागि जनचेतना अभिवृद्धि गर्न र स्थानीयस्तरमा सहभागितामूलक ढङ्गले जिल्लाभित्र पाइने जडीबुटीहरूको सूची तयार गरी अभिलेख व्यवस्थित गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | यस कार्यक्रममा विनियोजन भएको रकमबाट देहायका क्रियाकलाप गर्न सकिनेछः-<br>✓ स्थानीय तहस्तरीय जडीबुटी पाइने क्षेत्रहरू पहिचान एवम् संरक्षणका चुनौति पहिचान सम्बन्धी कार्य,<br>✓ जडीबुटी व्यवसायिहरू एवम् संकलनकर्ताहरूलाई दिगो संकलन सम्बन्धी |

| | |
|---|---|
| | अभिमुखीकरण,<br>✓ लेख, पाटन, चरन र खर्क क्षेत्रमा रहेका जडिबुटी व्यवस्थापनको लागि समूह तथा सञ्जाल गठन र परिचालन गर्ने र सोका लागि स्थानीय तह र सरोकारवालाहरुसँग समन्वय गर्ने,<br>✓ जडीबुटीको संरक्षणको लागि स्थानीय सञ्चार माध्यमबाट प्रचार प्रसार,<br>✓ सूचना बोर्ड र सङ्केत चिन्ह स्थापना।<br>यस कार्यक्रम बमोजिम जडीबुटीहरूको जानकारी तोकिएको फाराममा प्रविष्ट गरी अभिलेख कायम गर्नु पर्नेछ। |
| बजेट रकम खर्च गर्ने विधि | यस कार्यक्रमको लागि विनियोजित रकमबाट प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको प्रक्रिया पुरा गरी गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **नर्सरी मर्मत** |
| पृष्ठभूमि र उद्देश्यः | डिभिजन वन कार्यालयमा रहेका स्थायी वा अस्थायी नर्सरीहरूको नियमित मर्मत सम्भार गरी नर्सरीहरूको सञ्चालनबाट जिल्लामा आवश्यक बिरुवा उत्पादन गर्ने उद्देश्यका साथ यो कार्यक्रम तर्जुमा गरिएको छ। |
| क्रियाकलापहरू | यस कार्यक्रमबाट डिभिजन वन कार्यालय वा सब-डिभिजन वन कार्यालयको नर्सरी व्यवस्थापन गर्ने सम्बन्धमा देहायका क्रियाकलाप सञ्चालन गर्न सकिनेछः-<br>✓ नर्सरी बेड तथा छानो/छाप्रो मर्मत वा निर्माण,<br>✓ नर्सरीमा सिचाइँ व्यवस्थापन,<br>✓ नर्सरी मर्मत सम्बन्धी अन्य कार्य। |
| बजेट रकम खर्च गर्ने विधि | यस कार्यक्रमको लागि विनियोजित भएको रकम देहायबमोजिम खर्च गर्न सकिनेछः-<br>✓ लागत अनुमान तयारी तथा स्वीकृत गर्ने,<br>✓ प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको प्रक्रिया पुरा गरी नर्सरी मर्मत तथा स्तरोन्नतिका लागि समाग्री खरिद एवम् अन्य विविध खर्च,<br>✓ कामदारहरूको ज्याला। |
| **कार्यक्रमको नामः** | **उच्च प्रविधियुक्त नर्सरी मर्मत तथा सञ्चालन** |
| पृष्ठभूमि र उद्देश्यः | विगतका आर्थिक वर्षमा स्थापना गरी मर्मतको आवश्यकता रहेका उच्च प्रविधियुक्त नर्सरी मर्मत तथा सञ्चालन गर्नको लागि यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलाप तथा सञ्चालन विधि | यो कार्यक्रमको सञ्चालनको लागि देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछः-<br>✓ आवश्यकता अनुसार उच्च प्रविधियुक्त नर्सरीको मर्मत गर्ने,<br>✓ नर्सरी स्थान्तरण र व्यवस्थापन गर्ने,<br>✓ नर्सरीको लागि आवश्यक थप उपकरण जडान गर्ने। |
| बजेट रकम खर्च गर्ने विधि | यस शिर्षकमा विनियोजित रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम नर्सरी मर्मत कार्य तथा स्तरोन्नती कार्यका लागि खर्च गर्न सकिनेछ। |
| **कार्यक्रमको नामः** | **बहुवर्षीय विरुवा उत्पादन (नर्सरी नाइकेको ज्याला सहित)** |

| | |
|---|---|
| पृष्ठभूमि र उद्देश्यः | डिभिजन वन कार्यालयहरूले आफुले स्थापना गरेका नर्सरीहरूमा गुणस्तरीय वहुवर्षीय विरुवा उत्पादन गरी स्थानीय समुदाय तथा विभिन्न निकायलाई वितरण गर्नको लागि यो कार्यक्रम तय गरिएको छ। |
| क्रियाकलाप तथा सञ्चालन विधि | विरुवा उत्पादनका सम्पूर्ण कार्यहरू जिल्लाको स्वीकृत जिल्ला दररेट तथा “वन, वनस्पती, वन्यजन्तु तथा भू-संरक्षण सम्बन्धी विकास निर्माण कार्यक्रमका लागि दर विश्लेषण नर्मस् २०७०” बमोजिम गर्नु पर्नेछ र विरुवा उत्पादन गर्दा व्यावसायिक मूल्य उच्च रहेका, जिल्लामा सबैभन्दा धेरै माग हुने तथा आयमूलक प्रजातीको विरुवा उत्पादनमा जोड दिनु पर्नेछ। यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछः-<br>✓ वहुवर्षीय विरुवा उत्पादन गर्नको लागि डिभिजन वन कार्यालयले स्थायी नर्सरी स्थापना गरिएका जिल्लाहरूमा आवश्यकता अनुसार नर्सरी नाईके नियुक्त गरी विरुवा उत्पादन तथा संरक्षण कार्यमा खटाउने,<br>✓ बहुवर्षीय विरुवा उत्पादनको लागि डिभिजन वन कार्यालय र डिभिजन जलाधार व्यवस्थापन कार्यालयले नर्सरी स्तरोन्नतीको लागि आवश्यक मर्मत तथा निर्माण कार्य समेत गरी विरुवा उत्पादन कार्य गर्ने। |
| खर्च विधि | यस कार्यक्रममा विनियोजित रकम कार्यालयले प्रचलित नर्मस तथा जिल्ला दररेट अनुसार लागत अनुमान तयारी तथा स्वीकृत गरी देहाय बमोजिमका क्रियाकलापहरूमा खर्च गर्न सक्नेछन्ः-<br>✓ नर्सरी नाइकेको ज्याला,<br>✓ विउ खरिद तथा विरुवा उत्पादनको लागि समाग्री/उपकरण/औजार खरिद,<br>✓ सिचाइँ प्रविधि जडान, मर्मत तथा सञ्चालन,<br>✓ विरुवा उत्पादनको लागि आवश्यक विद्युत महसुल तथा अन्य महसुल भुक्तानी,<br>✓ बहुवर्षीय विरुवा उत्पादनको लागि स्थायी नर्सरीको स्तरोन्नती कार्य। |
| **कार्यक्रमको नामः** | **वृक्षारोपण योजना कार्यान्वयन** |
| पृष्ठभूमि र उद्देश्यः | डिभिजन वन कार्यालयले सोझै वा अन्य निकायसँगको सहकार्यमा सरकारी, सार्वजनिक तथा निजी जग्गाहरूमा वहुउपयोगी, सौन्दर्यमुक तथा आयमूलक वृक्षारोपण गरी हरियाली प्रवर्धन गर्न, भौगोलिक सौन्दर्यता कायम गर्न तथा स्थानीय समुदायको आय-आर्जन समेत वृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलापहरू | जिल्लाको स्वीकृत पञ्चवर्षीय वृक्षारोपण योजनामा पहिचान गरिएका स्थान तथा विरुवा उपलब्ध गराउने सम्बन्धी सार्वजनिक सूचना मार्फत प्राप्त हुन आएका माग बमोजिम संरक्षणको सुनिश्चितता हुने गरी देहाय बमोजिम वृक्षारोपण गर्न सकिनेछः-<br>✓ गरिबीको रेखामुनीका उपभोक्तालाई उपलब्ध गराईएको कबुलियत वन क्षेत्र,<br>✓ सामुदायिक तथा कबुलियती वन क्षेत्र, |

| | |
|---|---|
| | ✓ राष्ट्रिय वन क्षेत्र,<br>✓ सार्वजनिक स्थान (विद्यायल, पार्क आदि),<br>✓ सडक किनारा,<br>✓ निजी जग्गा,<br>✓ अतिक्रमण खाली गरिएको क्षेत्र,<br>✓ नदि उकास क्षेत्र,<br>✓ शहरी वृक्षारोपण।<br>यस कार्यक्रम अन्तर्गत राष्ट्रिय वन क्षेत्र, सार्वजनिक निकाय, सडक किनारा वृक्षारोपण लगायतका क्षेत्रका वृक्षारोपण गरी संरक्षणका कार्यहरू गर्दा अनिवार्यरूपमा कार्य सम्पन्न प्रतिवेदन संलग्न राख्नु पर्नेछ। |
| खर्च विधि | यस कार्यक्रममा विनियोजन भएको रकम देहाय बमोजिम खर्च गर्न सकिनेछः-<br>✓ कार्यक्रममा विनियोजन भएको रकमको बिस प्रतिशतसम्म रकम अघिल्लो आर्थिक वर्षमा भएका वृक्षारोपणको संरक्षण, गोडमेल, पुनरोपण तथा अभिवृद्धि वृक्षारोपण (Enrichment plantation) कार्यमा खर्च गर्न,<br>✓ स्थानीय समाग्रीबाट निर्माण भएको वृक्षकवच (Tree Guard) लाई प्राथमिकता दिई खरिद गर्न,<br>✓ कार्यालयले सञ्चालन गरेको नर्सरीमा उपलब्ध हुन नसकेका बिरुवा स्थानीय माग बमोजिम खरिद गरी वितरण गर्न। |
| **कार्यक्रमको नामः** | **ढलापडा तथा सुखड खडा वृद्धि रोकिएका रुख सङ्कलन** |
| पृष्ठभूमि र उद्देश्यः | काठ दाउरा सङ्कलन तथा विक्री वितरणलाई व्यवस्थित बनाउन र सोको सहज आपुर्तिका लागि वन क्षेत्रमा प्राकृतिक तथा अन्य कारणले ढलेका रुखहरूलाई सङ्कलन, घाटगद्दी तथा विक्री वितरणको प्रबन्ध मिलाई बजारमा वन पैदावारको माग आपूर्ति सहजताका लागि यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन विधि | यस कार्यक्रमको कार्यान्वयन कर्णाली प्रदेश सरकारले बनाएको काठ दाउरा सङ्कलन तथा विक्री वितरण निर्देशिका बमोजिम गर्नु पर्नेछ र उक्त निर्देशिका लगायतका अन्य व्यवस्था नहुञ्जेलसम्म नेपाल सरकारले बनाएको वन पैदावार (काठ/दाउरा) सङ्कलन तथा विक्री वितरण निर्देशिका, २०७३ र सुखड खडाको हकमा कर्णाली प्रदेश वन नियमावली, २०८० को नियम १७ मा उल्लेखित व्यवस्था बमोजिम यो कार्यक्रम कार्यान्वयन गरिनेछ। |
| बजेट खर्च गर्ने विधि | यो शिर्षकमा विनियोजित रकमबाट कटान, मुछान, सङ्कलन, ढुवानी, लोड, अनलोड, पाइलिङ तथा सूचना प्रकाशन आदि कार्यमा खर्च गर्न सकिनेछ। |
| **कार्यक्रमको नामः** | **समुदायमा आधारित वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम** |
| पृष्ठभूमि र उद्देश्यः | सहभागितामा आधारित वन (सामुदायिक वन, गरिबीको रेखामुनीका उपभोक्तालाई उपलब्ध गराईएको सामुदायिक वनको क्षेत्र, कबुलियती वन, धार्मिक वन) समूहको प्रभावकारी परिचालन गरी वन क्षेत्रमा सुशासन कायम गर्न, वनको प्रभावकारी व्यवस्थापन गर्न र वनक्षेत्रबाट प्रदेशको अर्थतन्त्रमा योगदान पुऱ्याउनको लागि यो |

| | |
|---|---|
| | कार्यक्रम राखिएको छ। |
| क्रियाकलाप तथा कार्यक्रम कार्यान्वयन विधि | यो कार्यक्रमको कार्यान्वयनको लागि देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गरिनेछः-<br>यो कार्यक्रमको कार्यान्वयनको लागि देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गरिनेछः-<br>(क) **समन्वय बैठकः** स्थानीय तहस्तरीय समन्वय बैठक, वडा स्तरीय समन्वय बैठक सञ्चालन।<br>(ख) **उपभोक्ता समूह परिचालन तथा क्षमता विकासः** सामुदायिक वनको भेला/ बैठक सञ्चालन, अभिलेख तथा लेखा व्यवस्थापन सम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन।<br>(ग) **उपभोक्ता समूहको लागि सहयोगः** सामुदायिक वन उपभोक्ता समूहहरूको लागि रजिष्टरहरू छपाई तथा वितरण र सामुदायिक वन कार्ययोजना नवीकरणमा सहयोग।<br>(घ) **वन सहजकर्ता नियुक्ति एवम् परिचालनः** कृषि, वन विज्ञान विषयमा कम्तिमा डिप्लोमा तह उतिर्ण गरेको वा अन्य कुनै विषयमा कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेका जनशक्ति बढिमा ३ जना नियुक्त गरी उपभोक्ता समूहहरूको परिचालन गर्नु पर्नेछ। डिभिजन वन कार्यालयमा अघिल्ला वर्षमा नियुक्त गरी निरन्तर कार्य गरेका वन सहजकर्ताको कार्य सम्पादनसन्तोषजनक देखिएमा र निजले पुनः कार्यगर्न इच्छा व्यक्त गरेमा विनियोजित बजेटको सिमाभित्र रही आवश्यक संख्यामा पुनःम्याद थप गरी खटाउनु पर्नेछ। वन सहजकर्ताले आफुले गरेको कामको मासिक रूपमा सब डिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।<br>यो कार्यक्रम कार्यान्वयन पश्चात पचास हजार रुपैयाँमा नबढ्ने गरी कार्यक्रमका उपलब्धि तथा सिकाईहरू सहितको मन्त्रालयले तयार गरेको ढाँचामा पुस्तिका प्रकाशन गर्नु पर्नेछ।<br>यस कार्यक्रम अन्तर्गत भए गरेका क्रियाकलापहरूको विवरण कार्यालयले तोकिएको ढाँचामा प्रविष्टि गरी अभिलेख कायम गर्नु पर्नेछ। |
| बजेट रकम खर्च विधि | यस शिर्षकमा विनियोजित रकम देहाय बमोजिमका क्रियाकलापमा खर्च गर्न सकिनेछः-<br>✓ स्थानीय तहहरूमा सम्पन्न हुने समन्वय बैठकहरूमा खाजा खर्च तथा भत्ता,<br>✓ उपभोक्ता समूह स्तरमा हुने बैठक तथा भेलाहरूमा हुने खाजा (भत्ता बाहेक) खर्च, |

| | |
|---|---|
| | ✓ वन सहजकर्ताको पारिश्रमिक,<br>✓ स्टेसनरी एवं समाग्रीहरू<br>✓ तथ्याङ्क व्यवस्थापनमा खर्च,<br>✓ वन कार्ययोजना नवीकरणमा हुने खर्च,<br>✓ कर्मचारीलाई दैनिक भ्रमण भत्ता। |
| **कार्यक्रमको नामः** | **कबुलियती वनको समाजिक परिचालन तथा क्षमता विकास (वन प्राविधिक मार्फत)** |
| पृष्ठभूमि र उद्देश्यः | कर्णाली प्रदेशमा हाल निष्क्रिय रहेका कबुलियती वन समूहलाई सक्रिय बनाउँदै आयआर्जनका क्रियाकलापहरू सञ्चालन गरी स्थानीय रोजगारी सिर्जना मार्फत गरिबी निवारणका लागि वन प्राविधिकद्वारा समूहको क्षमता विकास गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो। |
| क्रियाकलापहरू | यो कार्यक्रम कार्यान्वयनको लागि वन विज्ञान विषयमा कम्तिमा डिप्लोमा तह उत्तीर्ण वन प्राविधिक वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण जनशक्तिलाई प्रचलित कानून बमोजिम करार सेवामा कबुलियत वन सहजकर्ताको पदमा नियुक्त गरी कबुलियती वन समूहको परिचालन तथा क्षमता अभिवृद्धिको लागि वार्षिक लक्ष्य बमोजिम कार्य गराउनु पर्नेछ।<br>कबुलियती वन सहजकर्ता पदमा नियुक्त गर्दा स्थानीय व्यक्ति, शैक्षिक योग्यता र कार्य अनुभवलाई प्राथमिकतामा राख्नु पर्नेछ।<br>वन प्रावधिकले आफुले गरेको कामको मासिक रूपमा डिभिजन वन कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ। |
| बजेट रकम खर्च गर्ने विधि | यस कार्यक्रममा विनियोजित बजेट रकम कबुलियती वन प्राविधिकको पारिश्रमिक (रेन्जर पाँचौं तह) र फिल्डका लागि अन्य आवश्यक कार्यमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको प्रक्रिया पुरा गरी खर्च गर्न सकिनेछ। |
| **कार्यक्रमको नामः** | **सामुदायिक वनको कार्ययोजना नवीकरणमा सहयोग** |
| पृष्ठभूमि र उद्देश्यः | सम्बन्धित डिभिजन वन कार्यालयको क्षेत्राधिकार भित्र पर्ने म्याद समाप्त भएका सामुदायिक वन उपभोक्ता समूहका वन व्यवस्थापन कार्ययोजना तयार गरी वन व्यवस्थापनका क्रियाकलाप सञ्चालन गर्नको लागि यो कार्यक्रम तर्जुमा गरिएको छ। |
| क्रियाकलाप तथा कार्यक्रम कार्यान्वयन प्रक्रिया | यस कार्यक्रम अन्तर्गत डिभिजन वन कार्यालयले आफ्नो जिल्लाका म्याद समाप्त भएका वन व्यवस्थापन कार्ययोजना नवीकरण गर्न सहयोग गर्नु पर्नेछ। यस कार्यक्रम अन्तर्गत नवीकरण गरिने सामुदायिक वन उपभोक्ता समूहमा देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्नु पर्नेछः-<br>✓ कार्यसमिति बैठक सञ्चालन गर्ने,<br>✓ वन सिमाना तथा वन स्रोत सर्वेक्षण गर्ने,<br>✓ तथ्याङ्क सङ्कलन विश्लेषण तथा कार्ययोजना तयारी गर्ने,<br>✓ कार्ययोजना अनुमोदन तथा स्वीकृतिको प्रक्रिया अगाडी बढाउने।<br>यो कार्यक्रम कार्यान्वयन डिभिजन वन कार्यालयमा उपलब्ध प्राविधिक कर्मचारीबाट गर्नु |

| | |
|---|---|
| | पर्नेछ र कुनै कार्यालयमा प्राविधिक कर्मचारी अभाव भएकोमा वन विज्ञानमा स्नातक तह उत्तीर्ण गरेका वन प्राविधिक वा परामर्शदाता फर्म वा कम्पनीसँग परामर्श सेवा खरिद गरी कार्यान्वयन गर्न सकिनेछ। |
| बजेट रकम खर्च गर्ने विधि | यस कार्यक्रमको लागि विनियोजित भएको रकम देहायबमोजिम खर्च गर्न सकिनेछः-<br>✓ उपभोक्ता समूहको भेला बैठकमा खाजा खर्च,<br>✓ स्टेसनरी तथा वन मापन यन्त्रहरू खरिद,<br>✓ वनस्रोत सर्वेक्षणमा खटिने कर्मचारीलाई भत्ता।<br>वन व्यवस्थापन कार्ययोजना तयारीको लागि प्रतिगोटा बीस हजार भन्दा बढी रकम खर्च गर्न पाईने छैन। परामर्श सेवा खरिद गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **सामुदायिक वनको दिगो वन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यान्वयन** |
| पृष्ठभूमि र उद्देश्यः | दिगो वन व्यवस्थापन कार्यविधि २०८१ बमोजिम उत्पादनशील सामुदायिक वनको वन संवर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयार गरी वन व्यवस्थापन मार्फत वनको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी वन पैदावारको विक्रि वितरण मार्फत सामुदायिक वनको आयस्तर वृद्धि गर्ने तथा स्थानीय रोजगारी सृजना गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | यस कार्यक्रम मार्फत सामुदायिक वन उपभोक्ता समूहको दिगो वन व्यवस्थापन कार्ययोजना तयारी तथा स्वीकृतिसँग सम्बन्धित देहायका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछः-<br>✓ सब डिभिजन वन कार्यालयको समन्वयमा उत्पादनशील सामुदायिक वनको पहिचान गर्ने,<br>✓ सामुदायिक वन उपभोक्ता समूहको आमभेला राखी दिगो वन व्यवस्थापन कार्ययोजनाबारे आवश्यक अभिमुखीकरण तथा छलफल गरी सो कार्ययोजना लागु गर्ने सम्बन्धमा आवश्यक निर्णय गरी कार्ययोजना तयारी कार्य अगाडीबढाउने,<br>✓ प्रदेश सरकारबाट स्वीकृत कार्यविधि बमोजिम सामुदायिक वनको वन संवर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयारी तथा स्वीकृति गर्ने,<br>✓ दिगो वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनको लागि अनुदान सहयोग (कटान उपकरण, अग्निरेखा निर्माण लगायत)। |
| बजेट रकम खर्च गर्ने विधि | यस कार्यक्रममा विनियोजन भएको रकम देहायका कार्यमा खर्च गर्ने सकिनेछः-<br>✓ दिगो वन व्यवस्थापन सम्बन्धमा अभिमुखीकरण तथा प्रारम्भिक छलफल कार्य,<br>✓ कार्ययोजना तयारीको लागि प्रति कार्ययोजना बढीमा दुई लाख रुपैयाँमा नबढ्ने गरी परामर्श सेवा खरिद कार्य,<br>✓ कार्ययोजना कार्यान्वयनको लागि सामुदायिक वन उपभोक्ता समूहको लागत |

| | |
|---|---|
| | साझेदारी समेत हुने गरी प्रति सामुदायिक वन तीन लाख रुपैयाँमा नबढ्ने गरी अनुदान रकम उपलब्ध हुने कार्यमा।<br>यस कार्यक्रम बमोजिमको रकम खर्च गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेशको खर्च मापदण्ड निर्देशिका बमोजिमको प्रक्रिया पुरा गरी गर्नु पर्नेछ। यस कार्यक्रममा विनियोजित रुकमको बढीमा चार प्रतिशतसम्म रकम कार्यालयले सामान्य वन मापन उपकरण खरिद तथा सामुदायिक वन छनौट एवम् स्थलगत निरीक्षणको लागि कन्टिन्जेन्सीको रूपमा प्रयोग गर्न सक्नेछ। |
| **कार्यक्रमको नामः** | **उत्कृष्ट सामुदायिक वन तथा कबुलियती वन पुरस्कार** |
| पृष्ठभूमि र उद्देश्यः | वन तथा वातावरण संरक्षणमा सकृय उत्कृष्ट सामुदायिक वन र कबुलियती वन समूहलाई पुरस्कृत गरी वन संरक्षण तथा व्यवस्थापनमा प्रोत्साहन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलाप र कार्यान्वयन विधि | मन्त्रालयले तयार सूचक मापदण्ड समेतका आधारमा उत्कृष्ट सामुदायिक वन र कबुलियती वन समूहलाई पुरस्कृत गर्ने प्रयोजनका लागि कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमका क्रियाकलाप देहाय बमोजिम सञ्चालन गर्नु पर्नेछः-<br>✓ कार्यालयले उत्कृष्ट सामुदायिक तथा कवुलियती वन उपभोक्ता समूह छनौट गर्नको लागि योजना शाखा प्रमुखको संयोजकत्वमा तीन सदस्यीय उत्कृष्ट सामुदायिक/कबुलियती वन समूह छनौट समिति गठन गर्नुपर्नेछ।<br>✓ स्वीकृत मापदण्डको आधारमा सव-डिभिजन वन कार्यालयले आफ्नो क्षेत्रभित्रका सम्भावित उत्कृष्ट सामुदायिक वन तथा कवुलियती वन सिफारिस गरी पठाउने,<br>✓ सव-डिभिजन वन कार्यालयबाट सिफारिस भएका उपभोक्ता समूहहरूमध्ये छनौट समितिले स्वीकृत मापदण्डको आधारमा छनौट गरी पुरस्कारको लागि सिफारिस गर्ने,<br>✓ जिल्लास्तरीय कार्यक्रम आयोजना गरी वा जिल्ला वन क्षेत्र समन्वय समितिको बैठकबाट उत्कृष्ट सामुदायिक वन तथा कवुलियती वनलाई पुरस्कार वितरण गर्ने,<br>✓ पुरस्कार प्राप्त गर्ने उपभोक्ता समूहको विविरण निर्देशनालयमा पठाई कार्यालयमा अभिलेख व्यवस्थित गरी राख्ने। |
| बजेट रकम खर्च गर्ने विधि | यस शिर्षकमा विनियोजित रकमबाट पुरस्कार बापतको रकम वितरण, प्रशंसा-पत्र, व्यानर, खाजा, स्टेसनरी तथा छनौट समितिको बैठक भत्तामा, उपभोक्ता समूहका दुई जनासम्म पदाधिकारीलाई यातायात खर्चमा खर्च गर्न सकिनेछ। |
| **कार्यक्रमको नामः** | **सरोकारवालाहरूको समन्वय बैठक** |
| पृष्ठभूमि र उद्देश्यः | डिभिजन वन कार्यालयका गतिविधिहरू सम्बन्धमा जिल्लास्थित सरोकारवालाहरूलाई जानकारी गराउन, कार्यालयका गतिविधिमा सुझाव प्राप्त गर्न तथा स्थानीयको अपनत्व |

| | |
|---|---|
| | कायम गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| सञ्चालन गर्न सकिने क्रियाकलाप | यसका कार्यक्रम मार्फत वन नियमावली, २०७९ को नियम १२२ बमोजिमको जिल्ला वन क्षेत्र समन्वय समितिको बैठक त्रैमासिक रूपमा सञ्चालन गरी कार्यालयले गरेका क्रियाकलापहरूको प्रस्तुति तथा वन क्षेत्रका विषयमा उठेका विभिन्न सवालमा छलफल गरी गरिनेछ। बैठकमा देहाय बमोजिमका विषयवस्तुहरू अनिवार्य र अन्य समसामयिक विषयमा छलफल गर्नु पर्नेछ।<br>**प्रथम त्रैमासिकः** स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको जानकारी र अन्य विषयवस्तु,<br>**दोश्रो त्रैमासिकः** वार्षिक कार्यक्रम कार्यक्रम कार्यन्वयनको अवस्था र अन्य विषयवस्तु,<br>**तेश्रो त्रैमासिकः** वार्षिक कार्यक्रम कार्यन्वयनको अवस्था, योजना अनुगमन र अन्य विषयवस्तु,<br>**चौथो त्रैमासिकः** वार्षिक प्रगति विवरण पेश, प्रगति समिक्षा र अन्य विषयवस्तु।<br>उल्लेखित नियमित त्रैमासिक बैठकका अतिरिक्त आवश्यकता बमोजिम जिल्ला वन क्षेत्र समन्वय समितिको थप बैठकहरू समेत राख्न सकिनेछ।<br>अन्य विषयवस्तु अन्तर्गत कार्यालयले गर्ने कार्यहरूको सम्बन्धमा बाधा अड्काउ फुकाउ लगायत प्रचलित कानुनमा उल्लेखित कार्यहरू सम्बन्धी विषयहरूमा छलफल एवम् आवश्यक निर्णयहरू गर्नु पर्नेछ।<br>समितिको बैठकबाट भएका निर्णय तथा काम कारबाही बारे छुट्टै निर्णय पुस्तिका तथा अभिलेख बनाई राख्नु पर्नेछ। |
| बजेट रकम खर्च गर्ने विधि | यस शिर्षक विनियोजित रकम कर्णाली प्रदेशको प्रचलित खर्च मापदण्ड निर्देशिका बमोजिम बैठक भत्ता, खाजा खाना खर्च तथा स्टेसनरीमा खर्च गर्न सकिनेछ। |
| **कार्यक्रमको नामः** | **विद्यालयस्तरीय लोपोन्मुख वन्यजन्तु संरक्षण सचेतना कार्यक्रम** |
| पृष्ठभूमि र उद्देश्यः | वन, वन्यजन्तु तथा जैविक विविधता संरक्षणको लागि विद्यार्थीहरू माझ सचेतना विस्तार गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलापहरू | यो कार्यक्रम सव-डिभिजन वन कार्यालयले वार्षिकरूपमा आफ्नो क्षेत्रका कुनै माध्यमिक विद्यालयमा देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछः-<br>✓ सचेतनामूलक कक्षा सञ्चालन(माध्यमिक स्तरमा),<br>✓ सचेतनामूलक अन्य कार्यक्रम (र्‍याली, सडक नाटक, हाजिरी जवाफ, वकतृत्वकला)।<br>सचेतनामूलक कक्षा सञ्चालन गर्नुपूर्व कक्षा सञ्चालन गर्ने कर्मचारीले लोपोन्मुख वन्यजन्तुहरूको परिचय, महत्त्व, चुनौतिहरू, संरक्षणका उपायहरू सहितको कक्षागत विषयवस्तु तयार गरी डिभिजनल वन अधिकृतबाट स्वीकृत गराई मात्र सञ्चालन गर्नु पर्नेछ। |

| | |
|---|---|
| बजेट रकम खर्च गर्ने विधि | यस कार्यक्रममा विनियोजित रकम देहायबमोजिम खर्च गर्न सकिनेछः-<br>✓ खाजा तथा स्टेसनरी खर्च,<br>✓ खटिने कर्मचारीलाई भत्ता,<br>✓ यातायात खर्च (कर्मचारीलाई),<br>✓ सभा/र्‍याली, सडकनाटकमा हुने खाजा, पुरस्कार वितरण तथा प्रमाणपत्र छपाईमा हुने खर्च। |
| **कार्यक्रमको नामः** | **सब डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठी** |
| पृष्ठभूमि र उद्देश्यः | सव-डिभिजन वन कार्यालयले आगामि आर्थिक वर्षको लागि प्राप्त गरेको बजेट सिमाभित्र रही वन संरक्षण तथा वन अपराध नियन्त्रण, वन व्यवस्थापन तथा काठदाउँरा उत्पादन तथा सामुदायिक सचेतना विस्तार सम्बन्धी कार्यक्रम तथा योजना छनौट गर्नको लागि यो कार्यक्रम राखिएको छ। |
| सञ्चालन गरिने क्रियाकलाप तथा प्रक्रिया | यो कार्यक्रम कार्यान्वयन गर्दा देहायका क्रियाकलाप तथा प्रक्रिया अवलम्बन गर्नु पर्नेछः-<br>✓ सव-डिभिजन वन कार्यालयले आफ्नो क्षेत्रभित्र पर्ने स्थानीय तहका वन वातावरण शाखा हेर्ने जनप्रतिनिधि, सामुदायिक/कबुलियती/धार्मिक/निजि वन समूहका प्रतिनिधिहरू, माध्यमिक विद्यालयका वातावरण शिक्षक तथा वन कर्मचारीहरूको उपस्थितमा चैत्र महिनाभित्र आगामि वर्षको वन तथा वातावरण सम्बन्धी कार्यक्रमहरू तयार गर्न एक दिने गोष्ठी सञ्चालन गर्ने,<br>✓ योजना तर्जुमा गोष्टीबाट छनौट भएका योजना तथा कार्यक्रम डिभिजन वन कार्यालयमा पेश गर्ने। |
| बजेट रकम खर्च गर्ने विधि | यस कार्यक्रमको लागि विनियोजित रकम देहायबमोजिम खर्च गर्न सकिनेछः-<br>✓ गोष्ठिमा सहभागीहरूको खाना/खाजा खर्च,<br>✓ स्टेसनरी, व्यानर खर्च,<br>✓ यातायात खर्च,<br>✓ प्रतिवेदन तयारी तथा संयोजक भत्ता आदि।<br>यो कार्यक्रमको बजेट रकम खर्च गर्दा कर्णाली प्रदेशको प्रचलित खर्च मापदण्ड निर्देशिका बमोजिम गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **वार्षिक योजना तर्जुमा गोष्ठि** |
| पृष्ठभूमि र उद्देश्यः | जिल्लास्तरमा आगामि आर्थिक वर्षको लागि डिभिजन वन कार्यालयले सरोकारवालाहरूको उपस्थितिमा वन संरक्षण, वन व्यवस्थापन तथा समुदाय परिचालन लगायतका योजनाहरू छनौट गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया | डिभिजन वन कार्यालयले सबै सव-डिभिजन वन कार्यालयबाट सञ्चालन भएको सव-डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठीबाट प्राप्त भएका योजनाहरूलाई एकीकृत एवम् आवश्यक परिमार्जन छलफल गरी उक्त गोष्ठिबाट अनुमोदन गरी सोको विवरण निर्देशनालय मार्फत मन्त्रालयमा पेश गर्नु पर्नेछ। |
| बजेट रकम खर्च | यस कार्यक्रमको लागि विनियोजित रकम देहायबमोजिम खर्च गर्न सकिनेछः- |

| | |
|---|---|
| गर्ने विधि | ✓ गोष्ठिमा सहभागीहरूको खाना/खाजा खर्च,<br>✓ स्टेसनरी, व्यानर खर्च,<br>✓ यातायात खर्च,<br>✓ प्रतिवेदन तयारी तथा संयोजक भत्ता आदि।<br>यो कार्यक्रमको बजेट रकम खर्च गर्दा कर्णाली प्रदेशको प्रचलित खर्च मापदण्ड निर्देशिका बमोजिम गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **संरक्षण दिवस समारोह** |
| पृष्ठभूमि र उद्देश्यः | वन, वातावरण तथा जैविक विविधता संरक्षण सम्बन्धी प्रचार-प्रसार गर्दै सचेतना विस्तार गर्न संरक्षण सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस मनाउने तथा त्यसका लागि स्थानीय सहभागिता बढाउने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| सञ्चालन गर्न सकिने क्रियाकलाप | यस कार्यक्रम अन्तर्गत देहायबमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछः-<br>✓ संरक्षण सम्बन्धी सभा/र्‍याली/गोष्ठी सञ्चालन,<br>✓ विद्यालय/क्लब/समुदाय/जिल्ला स्तरीय अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन,<br>✓ हाजिरी जवाफ तथा वकतृत्वकला कार्यक्रम सञ्चालन,<br>✓ सचेतनामूलक सडक नाटक जस्ता क्रियाकलाप सञ्चालन। |
| बजेट रकम खर्च गर्ने विधि | यस शिर्षकमा विनियोजित रकम सम्बन्धित क्रियालापगत लागत अनुमान तयारी तथा स्वीकृत गरी कर्णाली प्रदेश सरकारको प्रचलित खर्च मापदण्ड निर्देशिका बमोजिम हलभाडा, ब्यानर, पुरस्कार तथा प्रमाणपत्र वितरणमा खर्च गर्न सकिनेछ। |
| **कार्यक्रमको नामः** | **जिल्लाबाट सञ्चालन भएका सम्पूर्ण कार्यक्रमहरूको वार्षिक प्रगति पुस्तिका प्रकाशन** |
| पृष्ठभूमि र उद्देश्यः | कार्यालयबाट सम्पादन भएका वार्षिक क्रियाकलापहरू अभिलेखीकरण तथा सार्वजनिकिकरण गर्नको लागि यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलापहरू | यस कार्यक्रमबाट डिभिजन वन कार्यालयले वर्षभरीमा सम्पन्न गरेका क्रियाकलापलाई समेटी वार्षिक प्रगति पुस्तिका तयार तथा प्रकाशन गरी मन्त्रालय, निर्देशनालय, जिल्लास्थित प्रदेश सरकारका कार्यालयहरू र जिल्लाका सबै स्थानीय तहहरूलाई उपलब्ध गराउनुपर्नेछ। साथै प्रगति पुस्तिकाको डिजिटल प्रति कार्यालयको आधिकारीक वेबसाइटमा राख्नु पर्नेछ। |
| बजेट रकम खर्च गर्ने विधि | यस शिर्षकमा विनियोजित बजेट रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तथ्याङ्क सङ्कलन, प्रतिवेदन तयारी, स्टेस्नरी, तथा पुस्तक प्रकाशनमा खर्च गर्न सकिनेछ। |
| **कार्यक्रमको नामः** | **वन्यजन्तु उद्धार केन्द्र सञ्चालन** |
| पृष्ठभूमि र उद्देश्यः | घाईते, टुहुरा तथा मानव-वन्यजन्तु द्वन्द्वमा संलग्न वन्यजन्तुहरूलाई उद्धार गर्न, घाइते तथा टुहुरा वन्यजन्तुहरूलाई उद्धार र उपचार पश्चात प्राकृतिक वास स्थानमा छोड्ने गरी व्यवस्थापन गर्नको लागि यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलापहरू | यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गरिनेछः-<br>✓ उद्धार गरिएका वन्यजन्तुहरूलाई राख्नको लागि खोर एवं आवश्यक पूर्वाधार |

| | |
|---|---|
| | निर्माण गर्ने,<br>✓ उद्धार गरिएका वन्यजन्तुको हेरचाहको लागि केयर टेकर को व्यवस्थापन गर्ने,<br>✓ उद्धार गरिएका वन्यजन्तुको लागि आवश्यक आहारा तथा औषधि व्यवस्थापन गर्ने,<br>✓ वन्यजन्तु उद्धारको लागि आवश्यक औजार तथा उपकरण (Movable case House, Rescue net, Staff-safety Gears) खरिद गर्ने। |
| खर्च विधि | यस कार्यक्रममा विनियोजन भएको रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेशको खर्च मापदण्ड निर्देशिका बमोजिम पूर्वाधार निर्माण कार्य, वन्यजन्तु उद्धार केन्द्रको लागि कार्यालय सञ्चालन, आहारा-औषधि तथा उपकरण खरिद, कर्मचारी पारिश्रमिक तथा सेवा सुविधा, आवश्यकता बमोजिम भेटेरीनरी सेवा खरिद/भत्ता आदिमा खर्च गर्न सकिनेछ। |
| **कार्यक्रमको नामः** | **सामुदायिक वनमा पात पतिङ्गरबाट प्राङ्गारिक मल उत्पादन** |
| पृष्ठभूमि र उद्देश्यः | सामुदायिक वन क्षेत्रबाट झरेका पात, घाँस, जैविक अवशेषलाई व्यवस्थापन गरी प्राङ्गारिक मल उत्पादन गर्ने तथा कृषक तथा सामुदायिक वन प्रयोगकर्तामा पर्यावरण-मैत्री मलको प्रयोगलाई प्रवर्धन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन तथा खर्च विधि | यो कार्यक्रमको कार्यन्वयन देहाय बमोजिम गरिनेछः-<br>डिभिजन वन कार्यालयले यस कार्यक्रममा सहभागी हुन इच्छुक सामुदायिक वन उपभोक्ता समूहको लागि ३० दिने सूचना प्रकाशन गर्नेछ।<br>सामुदायिक वन क्षेत्रबाट स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम उपभोक्ता समूहको निर्णय अनुसार पातपतिङ्गर संकलन  गरी मल उत्पादन गर्न ईच्छुक उपभोक्ता समूहले डिभिजन वन कार्यालयमा प्रस्ताव पेश गर्नु पर्नेछ।<br>पेश हुन आएका प्रस्तावहरूको यस कार्यविधिको परिच्छेद-३ बमोजिमको अनुदानग्राही छनौट समितिले मूल्याङ्कन गरी कम्तिमा ३ वटा सामुदायिक वन उपभोक्ता समूहहरूको संक्षिप्त सुची सिफारिस गर्नेछ।<br>संक्षिप्त सुचीहरूमा पर्न सफल सामुदायिक वन उपभोक्ता समूहहरूको कार्यालयले स्थलगत निरीक्षणका सूचकहरू तयार गरी स्थलगत निरीक्षण गर्नेछ।<br>स्थलगत निरीक्षण पश्चात सबैभन्दा उपयुक्त सामुदायिक वन उपभोक्ता समूहलाई कार्यक्रम कार्यन्वयनको लागि अनुदान उपलब्ध गराइनेछ। |
| बजेट रकम खर्च विधि | यो कार्यक्रम कार्यान्वयनका लागि प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम क्षेत्रगत लागत अनुमान तयारी तथा स्वीकृत गर्नु पर्नेछ। यस कार्यक्रममा विनियोजित भएको रकम छनौट गरिएको सामुदायिक वन उपभोक्ता समूहले पात संकलनका टोकरी/बोरा, मल बनाउने ट्याङ्की वा खाल्डो, गोबर, पानीको स्रोत, झोल मल तयार गर्न ड्रम तथा प्राङ्गारिक मल तयार गर्न मेसिन तथा उपकरण खरिद, मल केन्द्र निर्माणको लागि पूर्वाधार सहयोग तथा प्राविधिक सिप तथा क्षमता विकासका लागि खर्च गर्न सक्नेछ। |

| | |
|---|---|
| | कार्यक्रमको लागि विनियोजित रकमको बढिमा ४ प्रतिशत सम्म रकम कार्यालयले कन्टिन्जेन्सी बापत प्रयोग गर्न सक्नेछ। |
| **कार्यक्रमको नामः** | **वन, वन्यजन्तु, अतिक्रमण, चोरी निकासी नियन्त्रण सम्बन्धी प्रचार प्रसार** |
| पृष्ठभूमि र उद्देश्यः | वन, वातावरण तथा जैविक विविधताको संरक्षणको लागि सामग्री तयारी तथा प्रकाशन गरी प्रचार-प्रसार गर्नको लागि यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन तथा खर्च विधि | लागत अनुमान तयारी तथा स्वीकृत गरी प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम यो कार्यक्रम कार्यान्वयन गरिनेछ। यस कार्यक्रममा विनियोजित रकमबाट रेडियो, टेलिभिजन जस्ता सञ्चार माध्यमबाट कार्यक्रम उत्पादन गरी प्रचार प्रसारका कार्य, भित्तेलेखन, पर्चा पम्पलेटका माध्यमबाट प्रचार प्रसार गर्नुका साथै वन संरक्षण सम्बन्धी सचेतनामूलक टेलिफिल्म उत्पादन तथा प्रचार प्रसारका कार्य गर्न सकिनेछ। |
| **कार्यक्रमको नामः** | **वातावरण संरक्षण सम्बन्धी सचेतना तथा प्रवर्धन कार्यक्रम** |
| पृष्ठभूमि र उद्देश्यः | वातावरण संरक्षण सम्बन्धी सचेतनाका लागि सामग्री तयारी तथा प्रकाशन गरी प्रचार-प्रसार गर्नको लागि यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन तथा खर्च विधि | लागत अनुमान तयारी तथा स्वीकृत गरी प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम यो कार्यक्रम कार्यान्वयन गरिनेछ। यस कार्यक्रममा विनियोजित रकमबाट रेडियो, टेलिभिजन जस्ता सञ्चार माध्यमबाट कार्यक्रम उत्पादन गरी प्रचार प्रसारका कार्य, वातावरण संरक्षण सम्बन्धी सचेतनामूलक टेलिफिल्म उत्पादन तथा अनलाइन मिडिया मार्फत प्रचार प्रसारका कार्य गर्न सकिनेछ। |
| **कार्यक्रमको नामः** | **गिद्ध संरक्षणका लागि स्थानीय तह/समुदायलाई सचेतना कार्यक्रम** |
| पृष्ठभूमि र उद्देश्यः | गिद्धको पारिस्थितिकीय महत्त्वबारे समुदायलाई जानकारी दिने, गिद्धको घट्दो संख्या र कारणहरूबारे सचेत गराई गिद्ध संरक्षणमा स्थानीय समुदायलाई सहभागी गराउनको लागि यो कार्यक्रम तयार गरिएको छ। |
| | ✓ मन्त्रालयले यस कार्यक्रमबाट गिद्धको पारिस्थितिकीय महत्त्व, गिद्धको अवस्था र संरक्षणका चुनौति र उपायहरू समेत झल्किने गरी श्रव्यदृष्य समाग्री वा पुस्तिका तयार गर्नेछ र उक्त श्रव्यदृष्य समाग्री तयार गर्दा सम्बन्धित विज्ञको अन्तरवार्ता/भनाई तथा स्थानीय जानकार व्यक्तिहरूको अनुभवहरू समेत समेट्नु पर्नेछ।<br>✓ उल्लेखित श्रव्यदृष्य समाग्री वा गिद्ध संरक्षण सम्बन्धी पुस्तिका तयार भएपश्चात मन्त्रालयले डिभिजन वन कार्यालयहरूको समन्वयमा स्थानीय स्तरमा गिद्ध संरक्षण सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नेछ।<br>✓ सचेतनामूलक कार्यक्रम सञ्चालन पश्चात अनिवार्यरूपमा तोकिएको ढाँचामा अभिलेखहरू राख्नु पर्नेछ। |
| कार्यक्रम कार्यान्वयन तथा खर्च विधि | लागत अनुमान तयारी तथा स्वीकृत गरी प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम यो कार्यक्रम कार्यान्वयन गरिनेछ। यस कार्यक्रममा विनियोजित रकमबाट सूचना सामग्री (पम्प्लेट, पोस्टर), कार्यक्रम व्यवस्थापन खर्च, विज्ञ/प्रशिक्षक पारिश्रमिक, |

| | |
|---|---|
| | सञ्चार (रेडियो/सामुदायिक सञ्चार माध्यम), अनुगमन/मूल्याङ्कन जस्ता क्रियाकलापमा खर्च गर्न सकिनेछ। यो कार्यक्रम कार्यान्वयन गर्दा स्थान छनौट गरी स्थानीय समुदाय, सामुदायिक वन उपभोक्ता समूह तथा अन्य सरोकारवाला निकायको सहभागिता गराउनु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **गुच्ची च्याउ, यार्सागुम्बा खेती प्रवर्धन गर्न अध्ययन अवलोकन भ्रमण** |
| पृष्ठभूमि र उद्देश्यः | कर्णाली प्रदेशमा पाइने बहुमूल्य प्रजाती गुच्ची च्याउ र यार्सागुम्बाको संरक्षणको अवस्था बुझि स्थानीय समुदायहरूलाई सो को संरक्षणमा सचेत गराउनको साथै गुच्ची च्याउ र यार्सा गुम्बाको खेती प्रवर्धन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन विधि | यस कार्यक्रममा देहाय बमोजिम क्रियाकलापहरू सञ्चालन गरिनेछः-<br>✓ गुच्ची च्याउ र यार्सा गुम्बाको जीवन चक्र तथा खेती प्रविधि, मूल्य श्रृंखला र बजारीकरण सम्बन्धी पम्पलेट तयारी तथा छपाई,<br>✓ गुच्ची च्याउ र यार्सागुम्बा पाइने एवं संकलन हुने क्षेत्रको अवलोकन भ्रमण। (अवलोकन भ्रमणमा मन्त्रालय, प्रदेश वन निर्देशनालय र विषयविज्ञ समेतको सहभागिता हुनु पर्नेछ)<br>✓ गुच्ची च्याउ र यार्सागुम्बा पाइने एवं संकलन हुने क्षेत्रका स्थानीय समुदायहरूसँग संरक्षण, दिगो संकलन, खेती प्रविधि र बजारीकरण सम्बन्धी सचेतना विस्तार। |
| बजेट रकम खर्च विधि | यस कार्यक्रममा विनियोजित भएको बजेट देहाय बमोजिम खर्च गरिनेछः-<br>✓ अध्ययन अवलोकन भ्रमणमा हुन खर्च,<br>✓ सचेतनामूलक पम्पलेट छपाईमा हुने खर्च,<br>✓ प्रविधि संगालो तयारी तथा प्रकाशन गर्ने,<br>✓ सामुदायिक सचेतना/अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्दा हुने खर्च। |
| **कार्यक्रमको नामः** | **पाटन खर्क तथा पाटन क्षेत्रको नक्साङ्कन तथा रणनीति योजना कार्यान्वयन** |
| पृष्ठभूमि र उद्देश्यः | कर्णाली प्रदेश अन्तर्गतको उच्च हिमाली भेगमा रहेका पाटन खर्क तथा पाटन क्षेत्रको संरक्षण गरी उक्त क्षेत्रमा हुन महत्त्वपूर्ण जडीबुटी तथा जैविक विविधताको संरक्षण तथा दिगो उपयोग गर्ने उद्देश्यले यो कार्यक्रम तयार गरिएको छ र यो कार्यक्रम कर्णाली प्रदेशको चरन, खर्क तथा पाटन व्यवस्थापन रणनीति तथा कार्ययोजना स्वीकृत भए पश्चात सोही कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरू सञ्चालन गरिनेछ।<br>यस कार्यक्रमबाट कर्णाली प्रदेशमा भएका खर्कहरूको नक्साङ्कन गरी मन्त्रालय, प्रदेश वन निर्देशनालय र सम्बन्धित डिभिजन वन कार्यालयमा राखिनेछ।<br>यो कार्यक्रमका अन्य कार्यक्रमहरू कर्णाली प्रदेशको खर्क व्यवस्थापन रणनीति तथा कार्ययोजना (२०२५ देखी २०३५) स्वीकृत भए पश्चात सोही कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरूमध्येबाट छनौट गरी सञ्चालन गरिनेछ। |
| कार्यक्रम कार्यान्वयन तथा खर्च विधि | यस कार्यक्रममा विनियोजित भएको बजेट देहाय बमोजिम खर्च गरिनेछः-<br>✓ चरन, खर्क तथा पाटन क्षेत्र र त्यस्का परम्परागत उपभोक्ता तथा सरोकारवालाको पहिचान गरी व्यवस्थापन योजना तयारी, |

| | |
|---|---|
| | ✓ नक्सा तयारी तथा छपाई,<br>✓ खर्क व्यवस्थापन रणनिती तथा कार्ययोजनामा उल्लेखित कार्यक्रमहरू कार्यन्वयन गर्दा हुने खर्च। |
| **कार्यक्रमको नामः** | **प्रदेश वातावरण अनुकूलन योजना कार्यान्वयन** |
| पृष्ठभूमि र उद्देश्यः | प्रदेशको जैविक विविधता, पानी, माटो, हावा, वन तथा वन्यजन्तु संरक्षण गर्न नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने, वातावरणीय क्षति न्यूनीकरण गर्दै दिगो विकास सुनिश्चित गर्ने र वातावरणीय सुरक्षा सम्बन्धी स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्वहरू पालनाका गर्न गराउन स्वीकृत प्रदेश वातावरण अनुकूलन योजनामा उल्लिखित क्रियाकलापहरू कार्यान्वयन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन तथा खर्च विधि | कार्यक्रमका लागि लागत अनुमान तयारी तथा स्वीकृत गरी प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम यो कार्यक्रम कार्यान्वयन गरिनेछ। यस कार्यक्रममा विनियोजित रकम स्वीकृत योजनामा उल्लिखित कार्यक्रमहरू कार्यान्वयनका लागि खर्च गर्न सकिनेछ त्यस्ता कार्यक्रमहरु कुनै स्थानीय तह वा समुदायसँग साझेदारी गरी सञ्चालन गर्न सकिनेछ। |
| **कार्यक्रमको नामः** | **जडीबुटी प्रशोधन तथा प्रवर्धन उद्योग** |
| पृष्ठभूमि र उद्देश्यः | कर्णाली प्रदेशमा रहेका जडीबुटीहरूको कम्तिमा एक तह प्रशोधन गरी मूल्य अभिवृद्धी गर्न कर्णाली प्रदेशमा जडीबुटी प्रशोधन केन्द्र स्थापना र सञ्चालनको पूर्वतयारी गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन तथा खर्च विधि | यो कार्यक्रम कार्यान्वय गर्न दिगो रुपमा प्राप्त हुन सक्ने जडिबुटीको प्रजाती, परिमाण, प्रशोधन हुने सक्ने जडिबुटीको प्रजाती, परिमाण, प्रशोधन गरिने तथा जडिबुटी उत्पादन हुने वस्तु तथा बजारीकरणको योजना, आवश्यक मेसिनरी, ढुवानी, जडिबुटी प्रशोधन केन्द्र स्थापना र सञ्चालन खर्च, सञ्चालनको लागि आवश्यक जनशक्ति समेतको विषय समावेश भएको जडीबुटी प्रशोधन केन्द्रको विस्तृत आयोजना प्रतिवेदन र वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्न र जडीबुटी प्रशोधन केन्द्रको लागि जग्गा प्राप्तिका सम्बन्धमा नेपाल सरकारबाट निर्णय भएमा सोका लागि सट्टा भर्ना वापतको रकम भुक्तानी गर्न कार्यक्रमका लागि लागत अनुमान तयारी तथा स्वीकृत गरी प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम यो कार्यक्रम कार्यान्वयन गरिनेछ।<br>यो कार्यक्रम कार्यान्वयन गर्न कार्यक्षेत्रगत शर्त तथा लागत अनुमान स्वीकृत गरी बाँडफाट भएको रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली, वन ऐन तथा नियमावली बमोजिम खर्च गर्न सकिनेछ। |
| **कार्यक्रमको नाम** | **वन तथ्याङ्क व्यवस्थापन (डाटावेस अद्यावधिक)** |
| पृष्ठभूमी र उद्देश्य | मन्त्रालय मातहत रहेका डिभिजन वन कार्यालय तथा सब डिभिजन वन कार्यालयहरूले गर्ने वन संरक्षण तथा वन अपराध नियन्त्रण, वन व्यवस्थापन, सामुदायिक सचेतना तथा अन्य वन सेवा प्रवाहका क्रियाकलापहरूलाई एकरूपतामा अभिलेखीकरण गर्न र सो को Digital Database तयार गरी सेवा प्रवाहमा थप प्रभावकारीता ल्याउनको लागि यो कार्यक्रम तयार गरिएको छ। |

| | |
|---|---|
| कार्यक्रम कार्यान्वयन तथा खर्च विधि | मन्त्रालयले स्वीकृत गरी लागि गरेको वन संरक्षण तथा व्यवस्थापन सम्बन्धी तथ्याङ्क व्यवस्थापन दिग्दर्शन, २०८२ को अनुसुचीमा रहेका तथ्याङ्क फारामहरू तथा थप आवश्यक फारामहरूलाई Digital प्रणालीमा रूपान्तरण गर्न र सो को डिभिजन वन कार्यालय, सब डिभिजन वन कार्यालय, प्रदेश वन निर्देशनालय र मन्त्रालयबाट समेत प्रयोग हुने व्यवस्था गरिने छ।<br>✓ यो कार्यक्रम यस अघि मन्त्रालयमा तयार भएको DMIS प्रणालीसँग सञ्चालन हुने गरी अद्यावधिक गर्न सकिनेछ।<br>✓ यस कार्यक्रमको कार्यन्वयनको लागि आवश्यक कार्यसुची (ToR) तयार गरी सोही बमोजिम परामर्शदाताबाट Digital Database प्रणाली तयार/अद्यावधिक गरिनेछ। |
| **कार्यक्रमको नामः** | **जोखिमयुक्त सरकारी रुख व्यवस्थापन** |
| पृष्ठभूमि र उद्देश्यः | वनक्षेत्र बाहेकका सरकारी तथा सार्वजनिक स्थानहरूमा रहेका जोखिमयुक्त रुखहरूको व्यवस्थापन नभई जनधनको क्षति हुने सम्भावना देखिएमा डिभिजन वन कार्यालयले उक्त रुखहरू तत्काल हटाउनको लागि यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलापहरू | यो कार्यक्रम कार्यन्वयन वन नियमावली, २०७९ को नियम ३६ तथा कर्णाली प्रदेश वन नियमावली, २०८० को नियम ८४ र ८५ बमोजिम प्रक्रिया अवलम्बन गरी गर्नु पर्नेछ।<br>जोखिमयुक्त सरकारी रुखहरूको व्यवस्थापन सम्बन्धित निकायहरूले आफ्नै खर्चमा गर्नु पर्नेछ। तर सम्बन्धित निकायबाट कटान मुछान सहितको आवश्यक कार्यको लागि बजेट व्यवस्थापन हुन नसकेको कारण र अवस्था खुलाई लिखित पत्र प्राप्त भएमा डिभिजन वन कार्यालयले यो कार्यक्रममा विनियोजित रकम खर्च गर्न सक्नेछ। |
| बजेट रकम खर्च विधि | यस कार्यक्रम बमोजिमको बजेट रकम खर्च गर्दा देहाय बमोजिम गरिनेछ:-<br>✓ सामान्यत: रुखको कटान मुछान तथा घाटगद्दी स्थलसम्मको ढुवानी खर्च स्वीकृत जिल्ला दररेट अनुसार हुनु पर्नेछ।<br>✓ कटान गर्दा विद्युत/टेलिफोन तार, भवन/छाना, ट्रान्समिटर, अन्य भौतिक पूर्वाधारका कारण संवेदनशील (असामान्य) रुखहरूलाई हटाउन प्रयोग गरिएका उपकरण र प्रविधिको आधारमा भएको वास्तविक खर्चलाई स्वीकृत जिल्ला दररेट भन्दा बढी भए पनि भुक्तानी गर्न सकिनेछ।<br>✓ वन नियमावली २०७९ को नियम ३६ (१) को बैठक सञ्चालन, स्थलगत निरीक्षण तथा नापजाँचमा खटिने वन कर्मचारीहरूको दैनिक भ्रमण भत्ता, यातायात, लिलाम विक्रीको सूचना प्रकाशन आदि खर्चहरू पनि यसैबाट भुक्तानी गर्न सकिनेछ।<br>✓ कटान, मुछान, ढुवानी लगायतको वास्तविक लागत बराबरको रकम उक्त उत्पादित काठ दाउरा लिलाम सकार गर्ने सकारकर्ताबाट धरौटी खातामा जम्मा गर्न लगाउनु पर्नेछ।<br>✓ सकारकर्ताबाट सकार रकम जम्मा भएको बखत कटान मुछान ढुवानी खर्च |

| | |
|---|---|
| | (धरौटी रकम) बराबरको रकम यस कार्यक्रमको बजेटबाट राजश्व खातामा जम्मा गरी सदरस्याहा गर्नु पर्नेछ।<br>धरौटीमा जम्मा भएको रकम कटान मुछान गर्ने फर्म/व्यक्तिलाई भुक्तानी गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **रेडपाण्डा संरक्षण कार्यक्रम** |
| पृष्ठभूमि र उद्देश्यः | कालिकोट जिल्ला अन्तर्गत वन क्षेत्रमा पाइने महत्त्वपूर्ण दुर्लभ वन्यजन्तु प्रजाती (Ailurus Fulgens) र यसको वासस्थान संरक्षण गर्ने उद्देश्यले यो कार्यक्रम तयार गरिएको छ। यो कार्यक्रम डिभिजन वन कार्यालय कालिकोट, कालिकोट जिल्लाका स्थानीय तहहरू र रेडपाण्ड संरक्षण कार्यमा कार्यरत सहयोगी निकायहरूसमेतको सहकार्यमा कार्यन्वयन गर्नुपर्नेछ। |
| सञ्चालन गरिने क्रियाकलाप | यस कार्यक्रमको कार्यन्वयनको लागि देहाय बमोजिमका कार्यहरू गरिनेछः<br>✓ डिभिजन वन कार्यालय, स्थानीय तहहरू र रेडपाण्डा संरक्षणमा कार्यरत स्थानीय सहयोग निकायहरूसमेतको सहभागितामा प्रथम चौमासिक भित्र रेडपाण्डा संरक्षणको लागि आवश्यक क्रियाकलाप/योजनाहरू छनौट गर्ने।<br>✓ छनौट गरिएका क्रियाकलापहरू सबै सरोकारवालाहरूको समन्वयमा कार्यान्वयन गर्ने।<br>✓ कार्यक्रम कार्यन्वयन पश्चात कार्यालयले सम्पन्न क्रियाकलापहरूको प्रतिवेदन तयार गरी प्रदेश वन निर्देशनालयमा पेश गर्नुपर्नेछ। |
| बजेट रकम खर्च गर्ने विधि | उल्लेखित कार्यहरूमा सार्वजनिक खरिद ऐन, नियमावली, प्रचलित नर्मस, तथा खर्चमापदण्ड अनुसार लागत अनुमान स्वीकृत गरी खर्च गर्नु पर्नेछ। |
| कार्यक्रमको नामः | **प्रदेश राजधानी हरियाली कार्यक्रम** |
| पृष्ठभूमि र उद्देश्यः | कर्णाली प्रदेशको राजधानी विरेन्द्रनगर, सुर्खेतलाई नमुना हरित शहरको रूपमा स्थापित गर्ने उद्देश्यले राजधानिस्थित सार्वजनिक, निजी खाली क्षेत्रहरूमा वृक्षारोपण तथा संवर्धन गर्ने उद्देश्यले यो कार्यक्रम तयार गरिएको छ। |
| सञ्चालन गरिने क्रियाकलाप | ✓ यस कार्यक्रमको कार्यन्वयनको लागि देहायबमोजिमका कार्यहरू गरिनेछः<br>✓ डिभिजन वन कार्यालयले सम्बन्धित सब-डिभिजन वन कार्यालयका कर्मचारीहरू समेतको समन्वयमा चालु आ.व.मा वृक्षारोपण गरिने स्थानहरू तथा वहुवर्षीय सौन्दर्यमुलक विरुवा प्रजातीहरू छनौट गर्नुपर्नेछ।<br>✓ छनौट गरिएका स्थानहरूमा वहुवर्षीय विरुवा वृक्षारोपण गर्न र संरक्षणको समेत व्यवस्थान गर्नको लागि लागत अनुमान तयार गरी स्वीकृत गर्नु पर्नेछ।<br>✓ वृक्षारोपणको कार्यतालिका बनाई डिभिजन वन कार्यालय तथा स्थानीय समुदाय र सरोकारवालाहरूको समेत सहभागितामा वृक्षारोपण गर्नुपर्नेछ।<br>✓ यस कार्यक्रम अन्तर्गत वृक्षारोपण गरिएका स्थान तथा विरुवाहरूको विवरण खुल्ने गरी छुट्टै विवरण तयार गरी निर्देशनालयमा पेश गर्नुपर्नेछ। |
| बजेट रकम खर्च गर्ने विधि | उल्लेखित कार्यहरूमा सार्वजनिक खरिद ऐन, नियमावली, प्रचलित नर्म्स, तथा खर्चमापदण्ड बमोजिम, वहुवर्षीय विरुवा खरिद, ढुवानी, वृक्षारोपण, Tree Guard खरिद |

| | |
|---|---|
| | तथा विरुवाहरूको संरक्षण संवर्धन कार्यमा खर्च गर्नुपर्नेछ।<br>यस कार्यक्रममा विनियोजित जम्मा रकमको चार प्रतिशतसम्म रकम कार्यालयले कन्टिन्जेन्सीको रूपमा खर्च गर्न सक्नेछ। |

## खण्ड (ख)

## एकीकृत भु- तथा जलाधार संरक्षणका कार्यक्रम कार्यान्वयन विधि

| | |
|---|---|
| **कार्यक्रमको नामः** | **उत्तरी जलाधार गुरुयोजना कार्यान्वयन** |
| पृष्ठभूमि र उद्देश्यः | कर्णाली प्रदेशको राजधानी सुर्खेत उपत्यका वीरेन्द्रनगरको उत्तरी जलाधार क्षेत्रको माथिल्लो तटिय क्षेत्रमा पानी पनुःर्भरणका संरचना निर्माण गरी तल्लो तटीय क्षेत्रमा भूमिगत पानीको स्रोत अभिवृद्धिका लागि भू तथा जलाधार व्यवस्थापन कार्यालय सुर्खेतबाट तयार भएको वीरेन्द्रनगरको उत्तरी जलाधार गुरुयोजना बमोजिमका क्रियाकलापहरू कार्यान्वयनको लागि यो कार्यक्रम राखिएको छ। |
| सञ्चालन गरिने क्रियाकलाप | वीरेन्द्रनगरको उत्तरी जलाधार गुरुयोजनामा उल्लेख गरिएका जल पुनर्भरणका क्रियाकलाप, विरेन्द्रनगर नगरपालिका र उत्तरी जलाधार क्षेत्र अन्तर्गतका वडावाट सिफारिस भई आएका क्रियालाप र कार्यक्रम कार्यान्वयनको लागि क्रियाकलापको विस्तृत परियोजना प्रतिवेदन बमोजिमका क्रियाकलापहरु सञ्चालन गरिनेछ। |
| कार्यक्रम कार्यान्वयन विधि | यो कार्यक्रमको लागि विनियोजित रकम देहाय बमोजिम खर्च गर्न सकिनेछः-<br>✓ कार्यक्रमको स्थान र प्रकृति अनुसार अलग प्याकेज बनाई प्याकेज संख्या तथा क्रियाकलाप तोकी छुट्याएको बजेटलाई सो क्रियाकलापको स्वीकृत बजेट मानी खरिद प्रक्रिया अगाडी बढाउन सकिनेछ,<br>✓ क्रियाकलाप तय गर्दा गुरुयोजनाले तोकेका क्रियाकलापहरूको परिधिभित्र रहेर गरिनेछ,<br>✓ यस बजेट शिर्षक बमोजिमका क्रियाकलापहरुको कार्यान्वयन गर्दा विस्तृत परियोजना प्रतिवेदन तयार गर्न बढीमा दश लाख रुपैयाँ खर्च गर्न सकिनेछ।<br>✓ गुरुयोजनामा उल्लेखित क्रियाकलापहरू सम्पन्न गर्न विनियोजित बजेट अपुग भएमा गुरुयोजनामा उल्लिखित प्राथमिकता बमोजिम गर्नु पर्नेछ।<br>✓ कार्यक्रम सञ्चालन गर्दा उत्तरी जलाधार क्षेत्रको वीरेन्द्रनगर नगरपालिका अन्तर्गतका वडा नम्बर १,४,५ र ७ का जनप्रतिनिधी, उक्त वडामा पर्ने सामुदायिक वन उपभोक्ता समितिका प्रतिनिधि तथा जल उपभोक्ता समितिसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।<br>✓ प्राथमिकता नतोकिएका क्रियाकलापहरु सञ्चालन गर्नु परेमा गठित समूह, समिति वा सञ्जालको सुझाव तथा सिफारिस बमोजिम सञ्चालन गर्नु पर्नेछ। |
| **कार्यक्रमको नाम** | **तटवन्ध तथा बाध निर्माण** |
| पृष्ठभूमि र उद्देश्यः | सडक किनारा, खाली क्षेत्र नदि तथा खोला किनारा संरक्षण गरी खेती योग्य जमिनको तथा जनधनको संरक्षण गर्नको लागि यो कार्यक्रम सञ्चालन गरिनेछ। |
| क्रियाकलाप तथा कार्यान्वयन विधि | यो कार्यक्रम कार्यान्वयन गर्न देहायका क्रियाकलापहरू सञ्चालन गरिनेछः-<br>✓ खोला किनार सुदृढीकरण, खोला किनार तटवन्धन गर्ने,<br>✓ खहरे रोकथाम, नदीकटान नियन्त्रण गर्ने,<br>✓ सेल्टरबेल्ट ग्रीनबेल्ट निर्माण, बाँध तथा डाइक निर्माण गर्ने, |

| | |
|---|---|
| | ✓ जोखिमयुक्त वस्तीहरूको संरक्षण, स्पर, डाइक तथा चेक ड्याम निर्माण गर्ने,<br>✓ वायोइन्जिनियरिङ्ग संरचना निर्माण, संरक्षण आयमूलक कार्यक्रम सञ्चालन,<br>✓ फलफूल विरुवा रोपण, रिभेटमेन्ट तथा रिटेनिङ्ग वालको निर्माण कार्य। |
| बजेट रकम खर्च गर्ने विधि | यस शिर्षकमा विनियोजित रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नाम** | **जलाधार संरक्षण, गल्छी/पहिरो रोकथाम तथा भू-क्षय नियन्त्रण** |
| पृष्ठभूमि र उद्देश्यः | माटो र उर्वर भूमिको संरक्षणका लागि विभिन्न इन्जिनियरिङ्ग र वायोइन्जिनियरिङ्ग कार्य गरी माटो बग्नवाट रोक्नुका साथै सार्वजनिक तथा निजी सम्पतिको संरक्षण गर्न हरियालीमा वृद्धि एवम् वातावरणमैत्री विकास निर्माणमा जोड दिन भू-क्षय नियन्त्रणका कार्यहरू अन्तर्गत गल्छि/पहिरो र भूक्षय नियन्त्रणका कार्य गर्ने यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलाप तथा सञ्चालन विधि | यो कार्यक्रम कार्यान्वयन गर्दा देहायका क्रियाकलाप सञ्चालन गरिनेछः-<br>✓ चेकडयाम, टेवापर्खाल लगायतका संरचना निर्माण,<br>✓ पानीभल व्यवस्थापनका लागि संरक्षण पोखरी निर्माण,<br>✓ पानी निकास संरचना तथा पानी पुनःभरण संरचना निर्माण<br>✓ वायोइन्जिनियरिङ्ग संरचना निर्माण तथा पशुचौपाया रोकथामका लागि घेरावारा निर्माण,<br>✓ भू-क्षय तथा पहिरो नियन्त्रण,<br>✓ फलफूल विरुवा रोपण,<br>✓ प्रविधि प्रवर्धन स्थलको रूपमा विकास,<br>✓ संयूक्त स्थलगत अनुगमन, अनुभव आदानप्रदान कार्य। |
| बजेट रकम खर्च गर्ने विधि | यस शिर्षकमा विनियोजित रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खर्च गर्नु पर्नेछ। |
| बजेट रकम खर्च गर्ने विधि | यस शिर्षकमा विनियोजित रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खर्च गरिनेछ। विगत आर्थिक वर्षमा गरिएका कार्यक्रमहरूमा स-साना मर्मत सम्भार तथा प्रभावकारी बनाउन गर्नुपर्ने थप कार्यक्रम गर्नुपरेमा समेत यो कार्यक्रमको विनियोजित रकम खर्च गर्न सकिनेछ। |
| **कार्यक्रमको नाम** | **बुलबुले गुरूयोजना कार्यान्वयन सुर्खेत (क्रमागत योजना)** |
| पृष्ठभूमि र उद्देश्यः | बुलबुलेको संरक्षण, विकास र सौन्दर्यकरणका लागि सुर्खेत उपत्यका नगर विकास समितिबाट तयार भएको गुरुयोजना बमोजिमका क्रियाकलापहरू कार्यान्वयनको लागि यो कार्यक्रम राखिएको छ। |
| सञ्चालन गरिने क्रियाकलाप | विगत वर्षमा खरिद कार्य सुरु गरिएको कार्य तथा सोसँग सम्बन्धित अत्यावश्यकिय कार्य सम्पन्न गर्न प्राथमिकता दिई नगर विकास समिति तथा नगरपालिकाको सिफारिसका आधारमा थप क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ। |
| कार्यान्वयन प्रक्रिया र | यो कार्यक्रम कार्यान्वयनको लागि देहायका प्रक्रिया अवलम्बन गर्नु पर्नेछः- |

| | |
|---|---|
| खर्च विधि | ✓ नगरपालिकाले नगर विकास समितिको निर्णय सहित कुन कार्यक्रम गर्ने एकिन गरी सिफारिस माग गर्ने,<br>✓ प्रदेश सरकारको लगानीमा सञ्चालन हुने कार्यक्रमका सम्बन्धमा प्रदेश सरकारको कानूनको परिपालना गर्ने सम्बन्धमा नगर विकास समितिको प्रतिबद्धता माग गर्ने,<br>✓ साझेदारीमा र नियमित रेखदेख गर्नुपर्ने कार्यक्रमका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने तथा नियमित रेखदेख र मर्मत सम्भार नगर विकास समितिले गर्ने सम्बन्धमा समझदारी गर्ने।<br>✓ विषयसँग मेल खाने स्थानीय तह तथा नगर विकासको प्राथमिकतामा परेका क्रियाकलापका विस्तृत परियोजना प्राप्त भइ उक्त कार्य गरिदिन नगर विकासवाट सिफारिस भइ आएमा उक्त कार्य समेत गर्न सकिनेछ।<br>नगर विकास समितिबाट प्राप्त विस्तृत परियोजना बमोजिमका क्रियाकलापमा कार्यालयले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम यो कार्यक्रममा विनियोजित रकम खर्च गर्न सकिनेछ। |
| **कार्यक्रमको नाम** | **आकस्मिक आइपर्ने भू-क्षय नियन्त्रण कार्यक्रम** |
| पृष्ठभूमि र उद्देश्यः | आकस्मिक रूपमा आउने बाढी, पहिरो, भू-क्षय तथा भुकम्पबाट हुन पुगेको भू-क्षयजन्य क्षति र जोखिममा तत्काल राहत उपलब्ध गराउन तथा थप क्षति हुन नदिन आकस्मिक कार्यका लागि यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलापहरू | यो कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछः-<br>✓ संवेदनशीलता र आवश्यकताका आधारमा ग्याबिन जाली वितरण गर्ने,<br>✓ घर/गोठ, वस्ति तथा खेतियोग्य जमिन जोखिममा रहेको स्थानमा उपयुक्त सिभिल इन्जिनियरिङ तथा वायोइन्जिन्जियरिङ प्रविधि अवलम्बन गरी आवश्यक कार्य गर्ने,<br>✓ पानी स्रोत संरक्षण, सिचाइँ कुलो संरक्षण, गल्छि पहिरो तथा खोला किनारा संरक्षण जस्ता कार्यक्रम सञ्चालन गर्ने। |
| कार्यक्रम कार्यान्वयन प्रक्रिया र खर्च विधि | यो कार्यक्रम कार्यान्वयन गर्दा देहायको विधि अवलम्बन गर्न सकिनेछः-<br>✓ सासाना कामका लागि ग्याबिन जाली वितरण गर्दा अनुगमनका लागि धेरै समय र जनशक्ति लाग्ने हुँदा, स्थानीय वडाको सिफारिस, स्थानीय प्रहरी मुचुल्का तथा समूह वा व्यक्तिको निवेदन सहितका माग सङ्कलन गर्ने,<br>✓ माग बमोजिम आवश्यकता अनुसार ग्याबिन जाली वितरण गर्ने,<br>✓ एकै स्थानमा २०० भन्दा धेरैको संख्यामा ग्याबिन जाली वितरण गर्नुपरेमा दैवि प्रकोप उद्धार समितिको समेत सिफारिस संलग्न राख्नु पर्ने,<br>✓ अन्य अत्यावश्यकीय स-साना कार्यक्रमका लागि कार्यालयमा समय समयमा प्राप्त भएका मागहरू तथा विगत आर्थिक वर्षमा कार्यालयले सञ्चालन गरेका क्रियाकलापमा भएको क्षतिको मर्मत सम्भार गर्नु परेमा समूहको माग र स्थानीय तहको सिफारिसका आधारमा समेत कार्यक्रम सञ्चालन |

| | |
|---|---|
| | गर्न सकिनेछ।<br>✓ ग्याबिन जाली खरिद गर्नु परेमा त्रैमासिक लक्ष्यमा तोकिएको बजेटलाई कुल बजेट मानी उक्त त्रैमासिकमा सोही बराबरको मात्र खरिद प्रक्रिया अगाडी बढाउन सकिनेछ।<br>यस कार्यक्रममा विनियोजित रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद कार्य गरी वितरण गर्नु पर्नेछ। |

**खण्ड (ग)**

**वन अनुसन्धान तथा प्रशिक्षणका कार्यक्रम कार्यान्वयन विधि**

| | |
|---|---|
| **कार्यक्रमको नाम** | **अध्ययन अनुसन्धान अन्तर्गतका क्रियाकलाप** |
| **कार्यान्वयन प्रक्रिया** | स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतका विभिन्न अध्ययन अनुसन्धानका क्रियाकलाप कार्यालयले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमका प्रक्रिया पुरा गरी कार्यान्वयन हुनेछ। |
| **कार्यक्रमको नामः** | **सेवाकालीन तालिम** |
| कार्यक्रमको उद्देश्य, क्रियाकलाप तथा कार्यान्वयन विधि | वन सेवामा कार्यरत कर्मचारीलाई तालिम दिने प्रयोजनका लागि यो कार्यक्रम राखिएको छ र यस कार्यक्रम अन्तर्गत सेवा अवधिको आधारमा तह अनुसार वरिष्ठ कर्मचारीहरूलाई सहभागी गराउनु पर्नेछ।<br>यो कार्यक्रम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका बमोजिम कार्यान्वयन गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **दिगो वन व्यवस्थापन सँग सम्बन्धी तालिम (रेन्जर, अधिकृत)** |
| कार्यक्रमको उद्देश्य, क्रियाकलाप तथा कार्यान्वयन विधि | वन संरक्षण तथा व्यवस्थापनका लागि आवश्यक आधुनिक प्रविधिहरू तथा औजार/उपकरणहरूको प्रयोगको सिकाई तथा अभ्यास गराई क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ।<br>यो कार्यक्रम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका बमोजिम कार्यान्वयन गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **सामुदायिक वन स्रोत सर्वेक्षण सम्बन्धी तालिम (वनरक्षक स्तरीय)** |
| कार्यक्रमको उद्देश्य, क्रियाकलाप तथा कार्यान्वयन विधि | सामुदायिक वनको स्रोत (वनस्पति, जैविक विविधता, काठ/इन्धन, घाँस, पानी आदि) को वैज्ञानिक तरिकाले सर्वेक्षण गर्न आवश्यक ज्ञान र सीप विकास गर्न, वनरक्षकहरूलाई जीआइएस, जीपीएस र फिल्ड डाटाको अभिलेखन सम्बन्धी तालिम दिन र स्थानीय वन संरक्षण र दिगो व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले यो कार्यक्रम राखिएको छ।<br>यो कार्यक्रम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका बमोजिम कार्यान्वयन गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **इन्जिनियरिङ्ग डिजाइन तथा लागत अनुमान सम्बन्धी तालिम** |
| कार्यक्रमको उद्देश्य, क्रियाकलाप तथा कार्यान्वयन विधि | मन्त्रालयबाट सञ्चालन हुने पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रमको डिजाइन, नक्साङ्कन तथा लागत अनुमान सम्बन्धी व्यावहारिक ज्ञान प्रदान गर्न, सरकारी मापदण्ड अनुसार DPR, BOQ, र Cost Estimate तयार गर्न सीप विकास गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ।<br>यो कार्यक्रम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका बमोजिम कार्यान्वयन गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **क्याडुसल सर्भे सम्बन्धी तालिम** |
| कार्यक्रमको उद्देश्य, क्रियाकलाप तथा कार्यान्वयन विधि | वन क्षेत्रको सीमा निर्धारण, नक्साङ्कन र भू–अभिलेख अद्यावधिक गर्न आवश्यक सीप अभिवृद्धि गर्न र आधारभुत जानकारी दिन,वन सर्भेमा प्रयोग हुने उपकरणहरू (GPS, Compass, Total Station आदि) को प्रयोगमा दक्षता विकास गर्न, GIS, Remote Sensing |

| | |
|---|---|
| | र AutoCAD को सहयोगमा वन नक्सा निर्माण गर्न सक्ने दक्ष जनशक्ति तयार गर्न, अतिक्रमण रोकथाम र वैज्ञानिक वन व्यवस्थापनमा सहयोग पुऱ्याउन अधिकृत स्तरका कर्मचारीहरूलाई तालिम प्रदान गरी क्षमता अभिवृद्धि गर्नको लागि यो कार्यक्रम राखिएको छ।<br>यो कार्यक्रम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका बमोजिम कार्यान्वयन गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **सार्वजनिक खरिद सम्बन्धी तालिम** |
| कार्यक्रमको उद्देश्य, क्रियाकलाप तथा कार्यान्वयन विधि | सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुनहरूको बारेमा खरिद प्रकृयामा संलग्न हुने कर्मचारीहरू (कार्यालय प्रमुख, लेखा, योजना, स्टोर) लाई तालिम प्रदान गरी क्षमता अभिवृद्धि गर्नको लागि यो कार्यक्रम राखिएको छ।<br>यो कार्यक्रम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका बमोजिम कार्यान्वयन गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **पातपतिङ्गरबाट कम्पोष्ट मल बनाउने सम्बन्धी तालिम** |
| कार्यक्रमको उद्देश्य, क्रियाकलाप तथा कार्यान्वयन विधि | वन, कृषि तथा बस्ती क्षेत्रका पातपतिङ्गर (leaf litter, dry biomass) को उपयोगद्वारा जैविक मल उत्पादन प्रवर्धन गर्नु, सहभागीहरूलाई कम्पोष्ट मल बनाउने प्रविधि, प्रक्रिया र प्रयोगका बारेमा व्यवहारिक ज्ञान दिनु, फोहर व्यवस्थापन, माटोको उर्वरता सुधार र वातावरण संरक्षणमा योगदान पुऱ्याउने उद्देश्यले यो कार्यक्रम राखिएको छ।<br>यो कार्यक्रम मन्त्रालयबाट विनियोजित कार्यक्रम कार्यान्वयन हुने जिल्लामा छनौट भएका सामुदायिक वन उपभोक्ता समूह, महिला समूह, कृषक समूहका सदस्यहरूलाई तालिम प्रदान गरिनेछ।<br>यो कार्यक्रम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका बमोजिम कार्यान्वयन गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **QGIS and GIS सम्बन्धी तालिम** |
| कार्यक्रमको उद्देश्य, क्रियाकलाप तथा कार्यान्वयन विधि | वन क्षेत्रको नक्साङ्कन, भू-तथ्य विश्लेषण, डाटा व्यवस्थापनका लागि QGIS प्रयोग गर्न वन कर्मचारीलाई दक्ष बनाउने, भू-अवस्थित तथ्याङ्क (Spatial Data) को प्रयोगबाट वनको योजना, अनुगमन तथा रिपोर्टिङ प्रक्रिया सुधार गर्ने, GPS, Remote Sensing र GIS डेटासेटहरू मिलाएर वैज्ञानिक वन व्यवस्थापन प्रणालीमा वन कर्मचारीलाई सशक्त बनाई कर्मचारीको क्षमता अभिवृद्धि गर्नको लागि यो कार्यक्रम राखिएको छ।<br>यो कार्यक्रम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका बमोजिम कार्यान्वयन गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **फरेष्ट मोनिटरिङ गुगल अर्थ इन्जिन अधिकृतस्तर तालिम** |
| कार्यक्रमको उद्देश्य, क्रियाकलाप तथा कार्यान्वयन विधि | दिगो वन व्यवस्थापन, वन क्षय अनुगमन (Deforestation Monitoring), भू-उपयोग विश्लेषण तथा उपग्रह चित्र (Satellite Imagery) प्रयोगमा दक्षता विकास गर्ने, वन क्षेत्रको समयक्रम अनुसारको परिवर्तन (Forest loss/gain) विश्लेषण गर्न GEE प्रयोग गर्ने दक्षता विकास गर्ने, Landsat, Sentinel लगायतका उपग्रह डेटाको पहुँच, प्रोसेसिङ र Visualization गर्न सक्ने क्षमता अभिवृद्धि गर्ने, वन क्षेत्रको अनुगमन, अतिक्रमण पहिचान |

| | |
|---|---|
| | गर्न सक्ने जनशक्ति तयार गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ।<br>यो कार्यक्रम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका बमोजिम कार्यान्वयन गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **वन अपराध नियन्त्रण तथा मुद्दा अनुसन्धान सम्बन्धी क्षमता विकास तालिम** |
| कार्यक्रमको उद्देश्य, क्रियाकलाप तथा कार्यान्वयन विधि | वन अपराध पहिचान, नियन्त्रण, प्रमाण सङ्कलनन र कानुनी प्रक्रिया सम्बन्धी दक्षता विकास गर्न, सम्बन्धित ऐन, नियम तथा कानूनी प्रक्रिया (जाँच, मुद्दा दर्ता, थुनछेक) को कानूनी र व्यवहारिक जानकारी दिने तथा वन मुद्दा अनुसन्धान तथा तहकिकात कार्यलाई गुणस्तरीय र व्यवस्थित बनाउन क्षमता विकास गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ।<br>यो कार्यक्रम वन सम्बन्धी मुद्दाको अनुसन्धान र तहकिकातमा संलग्न हुने कर्मचारीहरूलाई दिइनेछ।<br>यो कार्यक्रम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका बमोजिम कार्यान्वयन गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **Permanent Research Plot Establishment (स्थायी अनुसन्धान प्लट स्थापना)** |
| पृष्ठभूमि र उद्देश्यः | कर्णाली प्रदेशको वहुमूल्य साल (Shorea robusta) लगायतका प्रजातीहरूको Growth, Regeneration, Increment लगायतका विषयहरूमा वार्षिक तथा आवधिकरूपमा अध्ययन गर्नको लागि स्थायी अनुसन्धान प्लट स्थापना गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| सञ्चालन गरिने क्रियाकलाप | यस कार्यक्रमको कार्यन्वयनको लागि देहाय बमोजिमका कार्यहरू गरिनेछः-<br>✓ नमुना प्लट संख्या निर्धारण (Statistically Valid Number),<br>✓ स्थायी प्लट स्थापनाको लागि स्थान छनौट (प्रतिनिधित्व हुने हिसाबले)<br>✓ छनौट भएको स्थानको Field Verification,<br>✓ स्थानको प्राप्ति (आवश्यक परेमा) तथा डिभिजन वन कार्यालयहरूसँग समन्वय,<br>✓ स्थायी प्लट स्थापना,<br>✓ स्थायी प्लटको आधारभुत तथ्याङ्क संकलन तथा अभिलेखीकरण,<br>✓ स्थायी प्लटको संरक्षणको कार्य।<br>उल्लेखित स्थायी प्लटहरू स्थापना गर्दा कम्तिमा २० वर्षसम्म सोही प्लटको तथ्याङ्क संकलन गर्न सकिने गरी स्थापित विधि बमोजिम Location Marking गर्नु पर्नेछ। |

## खण्ड(घ)

## पर्यटन प्रवर्धनका कार्यक्रम कार्यान्वयन विधि

| **कार्यक्रमको नामः** | **पर्यटन प्रवर्धनका लागि प्रचार प्रसार सामग्री उत्पादन तथा प्रकाशन र वितरण** |
|---|---|
| पृष्ठभूमि र उद्देश्यः | कर्णाली प्रदेशका पर्यटकीय गन्तव्यहरू, सांस्कृतिक तथा प्राकृतिक सम्पदा, स्थानीय सेवा सुविधा लगायतको विषयमा सूचना प्रवाहबाट आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण तथा सहजीकरण गरी कर्णाली प्रदेशको पर्यटन प्रवर्धन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| सञ्चालन हुने क्रियाकलाप | यस कार्यक्रम अन्तर्गत पर्यटन प्रवर्धनसँग सम्बन्धित देहायका सामाग्रीहरू उत्पादन, निर्माण गरी स्थानीय पर्यटन सूचना केन्द्रहरू, होटल, होमस्टे, एयरपोर्ट, बसपार्क, विद्यालय, बजार क्षेत्र लगायतका पर्यटकीय स्थानहरूमा प्रकाशन, प्रशारण तथा वितरण गर्न सकिनेछः-<br>➢ डिजिटल सामग्री (Facebook/Yotube/Instagram सँग मिल्दो भिडियो, ग्राफिक्स) तयारी,<br>➢ कर्णाली प्रदेशको पर्यटन विकास, मेला, महोत्सव, उत्सव लगायतका प्रवर्धनात्मक क्रियाकलाप तथा कार्यक्रमहरु सञ्चालन गर्ने,<br>➢ टुरिज्म स्टिकर प्रचारका लागि QR कोड स्क्यानबाट पढ्न मिल्ने डिजिटल गाइड,<br>➢ QR बोर्ड र सूचना पाटीहरू सार्वजनिक स्थलहरूमा स्थापना गर्ने,<br>➢ विभिन्न निकायसँगको सहकार्यमा कर्णाली टुरिज्म तथा ट्राभल मार्ट सञ्चालन गर्ने। |
| **खर्च विधि** | यस शिर्षकमा विनियोजन भएको रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको खर्च गर्न सकिनेछ। |
| **कार्यक्रमको नामः** | **गन्तव्य कर्णाली एपको अद्यावधिक** |
| **पृष्ठभूमि र उद्देश्यः** | कर्णाली प्रदेशको पर्यटन प्रवर्धन गर्ने उद्देश्यले विकास गरिएको "गन्तव्य कर्णाली" एप को प्राविधिक तथा प्रयोगकर्ता अनुभवको आधारमा अद्यावधिक गर्ने, पर्यटन व्यवसायी, स्थानीय तह, पर्यटक गाइड तथा आगन्तुकहरूलाई सुसूचित र आकर्षित बनाउने प्रणाली विकास गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| सञ्चालन गरिने क्रियाकलाप | यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गरिनेछः-<br>✓ एपमा देहायका सामग्री अद्यावधिक तथा बहुभाषिक जानकारी (नेपाली, अङ्ग्रेजी)<br>✓ गन्तव्य सम्बन्धी तथ्याङ्क राख्ने तथा नयाँ गन्तव्य थप (क्लस्टर अनुसारः धार्मिक, साहसिक, प्राकृतिक, सांस्कृतिक) गर्ने<br>✓ सेवा-सुविधा, होटल, होमस्टे, यातायात, रूट म्याप जानकारी अपडेट गर्ने<br>✓ यथार्थपूर्ण GPS-संगत मानचित्रहरू र फोटो तथा भिडियो सामग्री समावेश गर्ने।<br>✓ प्रविधि सुधार (Technical Enhancement):<br>    ✓ एपको लोडिङ गति, सर्भर क्षमतामा सुधार,<br>    ✓ प्रयोगकर्ता अनुरूप इन्टरफेस डिजाइन, |

| | |
|---|---|
| | ✓ रिपोर्टिङ र प्रतिक्रिया प्रणाली समावेश गर्ने।<br>✓ प्रचारप्रसार तथा समन्वयः<br>✓ स्थानीय तह, पर्यटन व्यवसायी र सम्बन्धित सरोकारवालासँगको समन्वयमा जानकारी संकलन<br>✓ QR कोड प्रणाली मार्फत जानकारी प्राप्त गर्ने व्यवस्थाको विस्तार,<br>✓ सामाजिक सञ्जाल, वेबसाइट र App Store मा प्रचार प्रसार गर्ने।<br>यस कार्यक्रमबाट SoFtware अद्यावधिक गर्ने, डाटा सङ्कलन तथा अद्यावधिक गर्ने र समन्वय तथा प्रचार प्रसारका क्रियाकलाप गरिनेछ। |
| खर्च विधि | यस शिर्षकमा विनियोजन भएको रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यक्रम सञ्चालन हुने क्रियाकलापमा खर्च गर्न सकिनेछ।<br>सामग्री अद्यावधिक, प्रविधि सुधार र प्रचार प्रसारका लागि प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम परामर्श सेवा मार्फत गर्न सकिनेछ। |
| **कार्यक्रमको नाम** | **प्रमुख पर्यटकीयक गन्तव्य झल्किने पर्यटकीय नक्सा** |
| पृष्ठभूमि र उद्देश्यः | कर्णाली प्रदेशका सबै प्रमुख पर्यटकीय स्थलहरू र सेवा–सुविधाहरू एकै नक्सामा समेटेर सूचना–सञ्चार सजिलो बनाउने, प्रदेश सरकार, पर्यटन व्यवसायी र आगन्तुकद्वारा सहज उपयोग, योजना र बजारीकरणका हेतुले प्रयोग योग्य डिजिटल/प्रिन्ट नक्सा तयार गर्ने,अनलाइन एप्स र वेबसाइटमा समावेश गरी 'Smart Tourism' प्रवर्धन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| सञ्चालन गरिने क्रियाकलाप | यस कार्यक्रम अन्तर्गत प्रमुख पर्यटकीय स्थलहरूको तथ्याङ्क सङ्कलन, त्यस्तो स्थानको जिपिएस लोकेसन पहिचान तथा निर्धारण, सेवा सुविधाको जानकारी सङ्कलन, GIS Map तयारी, Trecking Route, सङ्केत चिन्हहरू निर्धारण लगायतका विषय समेटी नक्सा तयारी, प्रकाशन र वितरणका कार्यहरू गर्नु पर्नेछ। |
| खर्च विधि | यस शिर्षकमा विनियोजन भएको रकम कार्यक्षेत्रगत शर्त तयारी तथा स्वीकृति गरी प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नाम** | **पर्यटकीय सीप विकासका लागि होमस्टे, होस्पिटालिटी, गाइड, कुक, भाषा, संस्कृति, पाराग्लाइडिङ, ऱ्याफ्टीङ र सामाजिक सुरक्षा लगायतका सीप विकास कार्यक्रम (प्याकेज)** |
| कार्यक्रमको पृष्ठभूमी र उद्देश्य | कर्णाली प्रदेशका प्रमुख पर्यटकीय गन्तव्य आसपासका स्थानीय जनतालाई पर्यटनमैत्री सीपहरूमा दक्ष बनाउने, होमस्टे सञ्चालन, अतिथि व्यवस्थापन, खाना पकाउने, गाइडिङ, दोभाषे, स्थानीय कला सास्कृतिकको प्रदर्शन र साहसिक खेलकुदमा तालिम दिने, रोजगारी सृजना र आत्मनिर्भरताको आधार तयार गर्ने, पर्यटनमा संलग्न कामदारहरूको सामाजिक सुरक्षामा पहुँच पुऱ्याउने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन तथा खर्च विधि | यो कार्यक्रम कार्यान्वयन गर्दा पर्यटन प्रवर्धन समितिको निर्णय बमोजिम आवश्यक तालिम तथा सीप विकासका कार्यक्रम पहिचान गरी प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका बमोजिम गर्नु पर्नेछ। |
| **कार्यक्रमको नाम** | **प्रमुख पदमार्गहरूमा सूचना पार्टी तथा सङ्केत व्यवस्था** |
| कार्यक्रमको पृष्ठभूमी | पदमार्गहरूमा यात्रुहरूलाई सुरक्षित, सुविधाजनक तथा जानकारीमूलक सूचना प्रदान गर्ने, |

| | |
|---|---|
| र उद्देश्य | पर्यटकहरूलाई सही दिशानिर्देश दिने, सांस्कृतिक र प्राकृतिक महत्त्वबारे जानकारी दिने, पदमार्गहरूको पहिचान, ब्राण्डिङ तथा व्यवस्थापनमा सहयोग पुऱ्याउने र पर्यावरणीय रूपमा दिगो पदमार्ग व्यवस्थापन प्रवर्धन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलापहरू | यो कार्यक्रम अन्तर्गत पदमार्गहरूको पहिचान तथा आवश्यकता मूल्याङ्कन गर्ने र सूचना पार्टी तथा तत् सम्बन्धी सामग्री छनौट गरी दिशा सङ्केत, जानकारी बोर्ड, सावधानी सङ्केत, अनुशासन सङ्केत र नक्सा बोर्ड राख्ने लगायतका क्रियाकलापहरू समावेश गर्नु पर्नेछ। |
| खर्च विधि | यो कार्यक्रमका लागि विनियोजित बजेट प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गर्नु पर्नेछ। |
| **कार्यक्रमको नाम** | **कर्णाली प्रदेश पर्यटन सूचना तथा अभिलेख केन्द्र स्थापना** |
| कार्यक्रमको पृष्ठभूमी र उद्देश्य | कर्णाली प्रदेशमा रहेका पर्यटकीय सम्पदाहरूको सूचना व्यवस्थापन तथा अभिलेख संकलन गर्ने, पर्यटकहरूलाई यथार्थपरक, अद्यावधिक जानकारी प्रदान गर्ने, अध्ययन, अनुसन्धान तथा योजना निर्माणका लागि उपयोगी पर्यटन डाटा प्रणाली विकास गर्ने, डिजिटल प्रविधिको प्रयोग गरी स्मार्ट सूचना प्रवाह प्रणाली विकास गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| क्रियाकलापहरू | यो कार्यक्रम अन्तर्गत कर्णाली प्रदेशको पर्यटन सूचना केन्द्रको स्थापना, सूचना डेस्क सञ्चालन, डिजिटल (वेब/मोबाइल) सूचना प्रणाली विकास गर्न आवश्यक क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ। |
| खर्च विधि | यो कार्यक्रमका लागि विनियोजित बजेट प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नाम** | **पर्यटन सर्किट निर्माण** |
| कार्यक्रमको पृष्ठभूमी र उद्देश्य | कर्णाली प्रदेशका पर्यटकीय गन्तव्यहरूलाई परस्पर जोड्न भौतिक पूर्वाधार निर्माण गर्ने, स्थानीय आर्थिक समृद्धिमा टेवा पुऱ्याउने, रोजगारी सिर्जना गर्ने, सुरक्षित, सुविधाजनक र दिगो यातायात र पदमार्गको सञ्जाल विस्तार गर्ने, पर्यटकहरूको बसोबास, घुमफिर, सेवा पहुँचमा सहजता ल्याउने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन विधि | यो कार्यक्रम कर्णाली प्रदेशका जिल्ला अनुसारको पर्यटकीय क्षेत्रहरूको नक्साङ्कन गरी उक्त स्थानहरूलाई एकआपसमा जोड्ने प्रयोजनको लागि पर्यटन सर्किट व्यवस्थापन योजना बनाई विभिन्न स्थानमा रहेका पूर्व निर्धारित/चिनिएका पर्यटकीय स्थलहरू बीच सडक, पदमार्ग, साइकल रुट, पर्यटकीय सूचना बोर्ड, विश्रामस्थल, फोहोरमैला व्यवस्थापन तथा शौचालय निर्माण, विश्राम स्थल, मनोरञ्जन स्थल, सौन्दर्यीकरण र सार्वजनिक सुविधा केन्द्र जस्ता संरचना निर्माण गर्न सकिनेछ। |
| खर्च विधि | यो कार्यक्रमका लागि विनियोजित बजेट प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गर्नु पर्नेछ। |
| **कार्यक्रमको नाम** | **प्रादेशिक विमानस्थल निर्माणका लागि सहजीकरण कार्यक्रम** |
| पृष्ठभूमी र उद्देश्य | विमानस्थल निर्माण प्रक्रियामा आवश्यक नीतिगत, प्राविधिक र प्रशासनिक सहजीकरण गर्ने, संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबीच प्रभावकारी रूपमा समन्वय |

| | |
|---|---|
| | कायम गर्ने, जग्गा अधिग्रहण, वातावरणीय अध्ययन, आधारभूत पूर्वाधार निर्माण र वित्तीय व्यवस्थापन प्रक्रियाको लागि समन्वय र अन्तर्क्रिया गर्ने, विमानस्थल निर्माणका क्रममा उत्पन्न हुने विवाद वा अवरोध समाधान गर्न मध्यस्थता गर्ने तथा प्रदेश सरकारको तर्फबाट विमानस्थल निर्माणको कार्यमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन विधि | कार्यक्रमको उद्देश्य बमोजिम निर्धारित कार्यक्रममा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली, भ्रमण खर्च नियमावली तथा कर्णाली प्रदेशको खर्च मापदण्ड निर्देशिका बमोजिम खर्च व्यवस्थापन गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ। |
| **कार्यक्रमको नाम** | **पर्यटन प्रवर्धन सम्बन्धी वृत्तचित्र तयारी** |
| पृष्ठभूमी र उद्देश्य | सल्यान जिल्लाभित्र रहेका प्रमुख धार्मिक, सांस्कृतिक, प्राकृतिक पर्यटन गन्तव्यलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्धन गर्ने, स्थानीय पर्यटन उत्पादन, हस्तकला, संस्कृति, भोजन र जीवनशैलीलाई प्रचार–प्रसार गर्ने, आन्तरिक तथा वाह्य पर्यटक आकर्षण बढाउने, प्रदेशको पर्यटन नीतिको कार्यान्वयनमा योगदान पुऱ्याउने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन विधि | कार्यक्रमको उद्देश्य बमोजिम पर्यटन प्रवर्धन सम्बन्धी वृत्तचित्र तयार गरी राष्ट्रिय टेलिभिजनमा प्रशारण गर्नु पर्नेछ। यो कार्यक्रममा विनियोजित रकम कार्यक्षेत्रगत शर्त र लागत अनुमान तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यान्वयन गर्नु पर्नेछ।यो कार्यक्रम वृत्तचित्र तयारी तथा विभिन्न इपिसोडमा वृत्तचित्र प्रशारण गर्ने गरी नेपाल टेलिभिजनसँग समझदारी वा सम्झौता गरी कार्यान्वयन गर्न सकिनेछ। |

**खण्ड (ङ)**

**उद्योग, वाणिज्य, आपूर्ती तथा उपभोक्ता हित संरक्षणका कार्यक्रम कार्यान्वयन विधि**

| | |
|---|---|
| **कार्यक्रमको नामः** | **स्थानीय कच्चा पदार्थमा आधारित सीप विकास तालिम** |
| पृष्ठभूमी तथा उद्देश्यः | लघु, घरेलु तथा साना उद्योगको स्थापना, विकास, विस्तार र प्रवर्धनका लागि आवश्यक पर्ने उद्योग तथा व्यवसायसँग सम्बन्धित सीपमूलक तालिम प्रदान गरी व्यवसाय सञ्चालन एवम् स्वरोजगार हुन चाहने लाभग्राहीहरूलाई स्थानीय कच्चा पदार्थमा आधारित, प्रविधि तथा बजार माग, परम्परागत सीप तथा निर्माण सेवासँग सम्बन्धित ज्ञान, सीप प्रदान गरी क्षमताको विकास गराउने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम सञ्चालन प्रक्रिया | यो कार्यक्रम मन्त्रालयको सीप विकास तालिम तथा रोजगार विकास कार्यक्रम सञ्चालन दिग्दर्शन, २०७८ को प्रक्रिया पुरा गरी सञ्चालन गर्नु पर्नेछ। यो कार्यक्रम मार्फत भौगोलिक रूपमा पीछडिएको जिल्ला (जुम्ला, मुगु, हुम्ला, डोल्पा, कालिकोट) का लाभग्राही बढी मात्रामा सहभागी गराउने उद्देश्यले उल्लिखित जिल्लाको हकमा प्रशिक्षार्थी खाजा खर्च वापत प्रति व्यक्ति प्रति कार्यदिन दुई सय रुपैयाका दरले उपलब्ध गराउन सकिनेछ र प्रतिव्यक्ति लागतका सम्बन्धमा वृद्धि भएको खाजा खर्च समेतलाई समावेश गर्न सकिनेछ।<br>यो कार्यक्रममा विनियोजित रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका र मन्त्रालयको सीप विकास तालिम तथा रोजगार विकास कार्यक्रम सञ्चालन दिग्दर्शन, २०७८ बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **प्रविधि र मागमा आधारित सीप विकास तालिम** |
| पृष्ठभुमी तथा उद्देश्यः | प्रविधि तथा मागमा आधारित लघु, घरेलु तथा साना उद्योगको विकास, विस्तार र प्रवर्धन गरी रोजगारी सिर्जना तथा आत्मनिर्भरता बढाउन सीपयुक्त जनशक्ति उत्पादन गरी दक्ष जनशक्तिको माग र आपूर्तिबीच सन्तुलन कायम गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम सञ्चालन प्रक्रिया | यो कार्यक्रम कार्यान्वयन गर्न देहायका प्रक्रिया अवलम्बन गरिनेछः<br>✓ यो कार्यक्रम मन्त्रालयको सीप विकास तालिम तथा रोजगार विकास कार्यक्रम सञ्चालन दिग्दर्शन, २०७८ को प्रक्रिया पुरा गरी सञ्चालन गर्नु पर्ने,<br>✓ प्रविधि तथा बजार माग र प्राप्त बजेटको आधारमा तालिमका विषय तथा प्रशिक्षार्थीहरूको समूहीकरण गरी सोही बमोजिम प्रशिक्षण सामग्री, प्रशिक्षक, पाठ्यक्रम निर्धारण तथा तालिम कार्यक्रम सञ्चालन कार्ययोजना निर्धारण गर्ने,<br>✓ पाठ्यक्रम र तालिमको कार्ययोजना अनुसार सीप विकास तालिम सञ्चालन गर्ने,<br>✓ तालिम प्राप्त व्यक्तिहरूलाई आवश्यकता अनुसार रोजगारीका लागि प्राविधिक परामर्श, बजार तथा वित्तीय सम्बन्ध विस्तारको विषयमा जानकारी उपलब्ध गराउने,<br>✓ उपलब्ध गराइएको तालिम र तालिम प्राप्त व्यक्तिहरूको विवरणको अभिलेख राखी सोको प्रतिवेदन निर्देशनालय र मन्त्रालयमा पेश गर्ने।<br>यो कार्यक्रममा विनियोजित रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका र मन्त्रालयको सीप विकास तालिम तथा रोजगार विकास |

| | |
|---|---|
| | कार्यक्रम सञ्चालन दिग्दर्शन, २०७८ बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **मेला महोत्सव प्रवर्धन कार्यक्रम** |
| पृष्ठभुमी तथा उद्देश्यः | स्थानीय लघु, घरेलु, साना तथा मझौला उद्योग (LSMIs) बाट उत्पादित बस्तु तथा सेवाको विषयमा आम सर्वसाधारणलाई जानकारी गराई उपभोगमा बृद्धि गर्ने, उद्योगहरूको प्रविधि तथा बजारको विषयमा सूचना आदानप्रदान गरी उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पहुँच विस्तार गरी रोजगारी सिर्जना र आयस्तर वृद्धि गर्ने तथा विभिन्न राष्ट्रिय स्तरका दिवश समारोहको सञ्चालन तथा त्यस्ता समारोहमा सहभागी हुने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम सञ्चालन र खर्च विधि | यो कार्यक्रममा विनियोजित रकम स्थानीय औद्योगिक उत्पादनको प्रदर्शनी, इनोभेशन/स्टार्टअप एक्स्पो जस्ता मेला तथा महोत्सव सञ्चालन गर्ने तथा विभिन्न राष्ट्रिय स्तरका दिवश समारोहको सञ्चालन तथा सहभागी हुने प्रयोजनका लागि खर्च गर्न सकिनेछ। |
| **कार्यक्रमको नामः** | **बजार अनुगमन** |
| पृष्ठभुमी तथा उद्देश्यः | उपभोक्ताले पाउनु पर्ने गुणस्तरीय वस्तु तथा सेवा र सोको मूल्य, कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् नियमन, उपभोक्तालाई हुन सक्ने हानी नोक्सानी र त्यस्तो नोक्सानी वापतको क्षतिपुर्ती जस्ता बिषयको सुनिश्चतताका लागि उपभोक्ता हित संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम बजार अनुगमनका कार्य गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम सञ्चालन प्रक्रिया | यो कार्यक्रम कर्णाली प्रदेश बजार अनुगमन समितिको निर्णयानुसार सञ्चालन हुनेछ र यो कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित कार्यालयले जिल्ला स्थित सबै स्थानीय तह तथा विविध प्रकारका व्यवसाय समावेश गरी कार्यक्रमको कार्ययोजना बनाई कार्ययोजना स्वीकृत गर्ने र सोको जानकारी निर्देशनालय मार्फत मन्त्रालय पठाउनु पर्नेछ।<br>यस कार्यक्रममा विनियोजित रकम प्रदेश बजार अनुगमन समितिबाट गठित जिल्ला बजार अनुगमन समितिका अतिरिक्त सम्बन्धित कार्यालयले आकस्मिक रूपमा गर्ने बजार अनुगमनको लागि आवश्यक कार्यमा खर्च गर्न सकिनेछ। |
| **कार्यक्रमको नाम** | **औद्योगिक नक्साङ्कन तथा प्रकाशन** |
| पृष्ठभूमी तथा उद्देश्यः | कर्णाली प्रदेशमा रहेका लघु, साना तथा ठूला उद्योगहरूको स्थिति, स्थान, उत्पादन क्षमता, श्रमशक्ति, कच्चा पदार्थ र बजारको अवस्थाबारे समग्र तथ्याङ्क सङ्कलन र नक्साङ्कन गर्ने, उद्योगहरूको भू-स्थान (Geo-tag), वर्गीकरण, विश्लेषण र जानकारी प्रकाशन मार्फत पारदर्शी तथा तथ्यमा आधारित औद्योगिक योजना निर्माणमा सहयोग पुर्‍याउने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन र खर्च विधि | यस कार्यक्रम अन्तर्गत उद्योगको नाम, स्थान (GPS सहित), प्रकार, उत्पादन, रोजगारी संख्या, कच्चा पदार्थ, बजार समेतको तथ्याङ्क सङ्कलन, GIS आधारित नक्साङ्कन, QGIS/ArcGIS प्रयोग गरी उद्योगहरूको स्थानगत नक्सा तयार गर्ने, उद्योगका प्रकार अनुसार वर्गीकरण (Thematic Mapping), उद्योग दर्ता प्रणालीसँग एकीकृत डिजिटल डेटाबेस तयार गरी Interactive Dashboard मार्फत प्रयोगकर्तालाई सूचना पहुँच उपलब्ध गराउने, **औद्योगिक नक्सा पुस्तिका (Industrial Atlas)** प्रकाशित गर्ने जस्ता कार्य गर्न सकिनेछ।<br>यस शिर्षकमा विनियोजित बजेट प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गर्नु |

| | |
|---|---|
| | पर्नेछ। |
| **कार्यक्रमको नाम** | **वस्तु तथा सेवा निर्यात सम्बन्धमा संघीय सरकारसँगको समन्वयमा अन्तरक्रिया तथा छलफल** |
| पृष्ठभूमी तथा उद्देश्यः | नेपालको वस्तु तथा सेवा निर्यात प्रवर्धन, निर्यातजन्य समस्या समाधान तथा संघीय सरकार, प्रदेश सरकार र निजी क्षेत्रबीच प्रभावकारी समन्वय कायम गर्न संघीय, प्रदेश र स्थानीय तहबीच निर्यातसम्बन्धी समन्वय सुदृढ गर्ने, वस्तु तथा सेवा निर्यातमा देखिएका चुनौती र अवसरको पहिचान गर्ने, निर्यात विस्तारका लागि आवश्यक नीतिगत सुझाव संघीय सरकारलाई पेश गर्ने, निजी क्षेत्र, उद्योग वाणिज्य संघ, सहकारी तथा सरोकारवालाबीच छलफलको माध्यमबाट साझेदारी प्रवर्धन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| खर्च विधि | यो कार्यक्रम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका बमोजिम लागत अनुमान तयारी तथा स्वीकृत गरी निर्धारित क्रियाकलापमा खर्च गर्न सकिनेछ। |
| **कार्यक्रमको नाम** | **प्रदेशस्तरमा आपूर्ति व्यवस्थापन सम्बन्धी सूचना सङ्कलन, अभिलेखाङ्कन, मौज्दातको प्रक्षेपण र प्रकाशन** |
| पृष्ठभूमी तथा उद्देश्यः | कर्णाली प्रदेशभित्र आपूर्ति व्यवस्थापन प्रणालीलाई सक्षम, प्रभावकारी र पारदर्शी बनाउन तथा खाद्यान्न, पेट्रोलियम पदार्थ, अत्यावश्यक औषधि, निर्माण सामग्री, दैनिक उपभोग्य वस्तु तथा अन्य महत्त्वपूर्ण वस्तुको मौज्दात सम्बन्धी सूचना समयमै उपलब्ध गराउन आपूर्ति व्यवस्थापनसँग सम्बन्धित तथ्याङ्कको नियमित र प्रमाणित संकलन गर्ने, मौज्दात (Stock) को प्रक्षेपण गरी सम्भावित अभाव वा बढी भएको अवस्थाको पहिचान गर्ने र आपूर्ति व्यवस्थापनमा सूचना अद्यावधिक गरी नियमित प्रकाशन गरी विपद्, आपत्कालीन अवस्था वा आपूर्ति संकटको अवस्थामा समयमै पूर्वसूचना प्रदान गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन प्रक्रिया र खर्च विधि | यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कार्यहरू गर्न सकिनेछः-<br>✓ मासिक, त्रैमासिक वा आवश्यकताअनुसार वस्तु तथा खाद्यान्नको मौज्दात, मूल्य, खपत दर, आपूर्ति स्रोतको विवरण सङ्कलन गर्ने,<br>✓ आपूर्ती सम्बन्धी सरकारी तथा गैरसरकारी निकायहरूबाट तथ्याङ्क लिने,<br>✓ सङ्कलित तथ्याङ्कलाई प्रदेश आपूर्ति व्यवस्थापन सम्बन्धी सूचना प्रणाली बनाई प्रविष्ट गर्ने,<br>✓ अघिल्लो वर्षको खपत दर, वर्तमान मौज्दात, आगत आपूर्ति दरका आधारमा आगामी महिना/त्रैमासको सम्भावित आपूर्ति स्थिति अनुमान गर्ने,<br>✓ चौमासिक वा वार्षिक "प्रदेश आपूर्ति अवस्था प्रतिवेदन" प्रकाशन गर्ने,<br>✓ प्रतिवेदन प्रदेश सरकारको वेबसाइट, सामाजिक सञ्जाल र मिडियामा उपलब्ध गराउने। |
| खर्च विधि | यस कार्यक्रमको लागि विनियोजित रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली, भ्रमण खर्च नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका बमोजिम गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **उपभोक्ता हित सम्बन्धी सचेतनामूलक कार्यक्रम** |
| पृष्ठभुमी तथा उद्देश्यः | उपभोक्ताले पाउनु पर्ने गुणस्तरीय वस्तु तथा सेवा, उपभोक्तालाई हुन सक्ने हानी नोक्सानी, |

| | |
|---|---|
| | त्यस्तो नोक्सानी वापतको क्षतिपुर्ती जस्ता बिषयको सुनिश्चतताका लागि उपभोक्ता हित संरक्षण सम्बन्धी विविध प्रकारका चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम सञ्चालन प्रक्रिया | सम्बन्धित कार्यालयले बजेट उपलब्धताका आधारमा यो कार्यक्रम सञ्चालन गर्न देहायका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछः-<br>✓ स्थानीय स्तरमा सार्वजनिक छलफल, बहस वा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,<br>✓ शिक्षालय वा विद्यालय स्तरीय विभिन्न प्रतिस्पर्धात्मक प्रतियोगिता तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,<br>✓ सचेतामूलक पोष्टर, पम्प्लेटिङ्ग, व्यानरिङ्ग, वाल पेन्डिङ्ग, सूचना प्रशारण, श्रव्यदृष्य सामग्री निर्माण, सामाजिक सञ्जाल मार्फत सूचना बुष्टिङ्ग।<br>उल्लिखित क्रियाकलाप सञ्चालन गर्दा सो अन्तर्गत गर्नुपर्ने सहायक क्रियाकलाप, सहभागी वा समन्वय गर्ने क्षेत्र कार्यालयले निर्धारण गरी यस कार्यक्रममा विनियोजित रकम सार्वजनिक खरिद ऐन तथा नियमावली तथा कर्णाली प्रदेशको प्रचलित खर्च मापदण्ड निर्देशिका बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नाम** | **स्थानीय कच्चा पदार्थमा आधारित उद्योगका लागि प्रविधि हस्तान्तरण** |
| पृष्ठभूमी र उद्देश्यः | स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको उत्पादन क्षमता वृद्धि गरी उद्यमीलाई प्रोत्साहन गर्न आवश्यक पूर्वाधार निर्माण, मेसिनरी औजार उपकरण वितरण वा प्रविधि हस्तान्तरण गरी उद्योग क्षेत्रमा रोजगारी सिर्जना, वजार प्रवद्धन, निर्यात तथा आयात व्यवस्थापन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन विधि | यो कार्यक्रम कर्णाली प्रदेशको प्रचलित अनुदान व्यवस्थापन कार्यविधी नियम बमोजिमको प्रक्रिया अवलम्बन गरी कार्यान्वयन गर्नु पर्नेछ। |
| **कार्यक्रमको नाम** | **निजी रोजगारदातासँगको सहकार्यमा सीप विकास तालिम** |
| पृष्ठभूमी र उद्देश्यः | लघु, घरेलु तथा साना उद्योग तथा व्यवसायीको मागको आधारमा आवश्यक सीपयुक्त जनशक्ति विकास गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन तथा खर्च विधि | यो कार्यक्रम कार्यान्वयन गर्न देहाय क्रियाकलाप सञ्चालन गरिनेछः-<br>✓ लघु, घरेलु तथा साना उद्योग एवम् व्यवसायीलाई लक्षित गरी त्यस्ता उद्योग तथा व्यवसायको उत्पादन तथा सेवाको प्रकृतिको आधारमा आवश्यक पर्ने जनशक्तिको लागि सीप तथा क्षमता विकास तालिम कार्यक्रम माग गर्न कम्तिमा १५ दिनको सूचना प्रकाशन गर्ने र त्यसरी प्रकाशन गरिने सूचनामा उक्त कार्यक्रम सञ्चालनका लागि सम्बन्धित उद्योग तथा व्यवसायीले लागत व्यहोर्न सक्ने भए सोसमेत उल्लेख गरी आवेदन दिन सक्ने व्यहोरा खुलाउने,<br>✓ प्रकाशित सूचना बमोजिको अवधिभित्र सम्बन्धित उद्योग तथा व्यवसायीले आफूलाई आवश्यक पर्ने उत्पादन तथा सेवाको प्रकृतिको आधारमा तालिमको किसिम, तालिमको संख्या, तालिममा सहभागी हुने प्रशिक्षार्थीको नामावलीको विवरण र तालिमको अवधि, तालिम सञ्चालन गर्नुपर्ने स्थान, तालिम कार्यक्रममा लागत |

| | |
|---|---|
| | सहभागिता गर्न सक्ने भए सो समेत उल्लेख गरी कार्यालयमा आवेदन दिनु पर्ने,<br>✓ यो कार्यक्रम सञ्चालन गर्दा मन्त्रालयको सीप विकास तालिम तथा रोजगार विकास कार्यक्रम सञ्चालन दिग्दर्शन, २०७८ बमोजिमको प्रक्रिया समेत अवलम्वन गरी गर्न सकिनेछ।<br>✓ कार्यक्रमको लागि प्राप्त वार्षिक बजेट र सम्बन्धित उद्योग तथा व्यवसायीले लागत सहभागिता गर्न सक्ने भए सो समेतको आधारमा तालिमको बिषय, तालिम अवधि र संख्या निर्धारण गर्ने,<br>✓ कार्यालयले सम्बन्धित उद्योग व्यवसायीको परामर्शमा तालिम कार्यक्रम सञ्चालन गर्ने स्थान समेत तोकी तालिम कार्यक्रमको कार्ययोजना तयार गरी कार्यक्रम सञ्चालन गर्ने,<br>✓ कार्यालयले तालिम प्राप्त व्यक्तिहरूलाई रोजगारीका लागि प्राविधिक परामर्श र बजार तथा वित्तीय सम्बन्ध विस्तारको विषयमा जानकारी उपलब्ध गराउने,<br>✓ कार्यालयले तालिमको प्रकृति तथा तालिम प्राप्त जनशक्तिको अभिलेख राखी सोको विवरण सम्बन्धित उद्योग तथा व्यवसायी, निर्देशनालय र मन्त्रालयमा पठाउनु पर्ने।<br>यो कार्यक्रममा विनियोजित बजेट रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका र मन्त्रालयको सीप विकास तालिम तथा रोजगार विकास कार्यक्रम सञ्चालन दिग्दर्शन, २०७८ बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नाम** | **उद्योग प्रवर्धनका लागि अनुदान (रेसाजन्य उद्योग, ढुङ्गा स्लेट प्रशोधन उद्योग, चुली आरु, गल्ले आरु र ढटेलो प्रशोधन उद्योग, साबुन तथा स्यापु उद्योग प्रवर्धन, सेलर मिल उद्योगका लागि प्रविधि हस्तान्तरण)** |
| कार्यक्रम कार्यान्वयन प्रक्रिया | यो कार्यक्रम कर्णाली प्रदेश सरकारको प्रचलित अनुदान व्यवस्थापन कार्यविधि नियमावली बमोजिमको प्रक्रिया अवलम्बन गरी कार्यान्वयन गर्नु पर्नेछ। |

## खण्ड (च)

## श्रम तथा रोजगार र अन्य कार्यक्रम कार्यान्वयन विधि

| कार्यक्रमको नामः | स्वदेश तथा विदेशमा सिकेको सीप परीक्षण तथा प्रमाणीकरण कार्यक्रम |
|---|---|
| पृष्ठभूमी तथा उद्देश्यः | स्वदेश तथा विदेशमा विभिन्न पेशामा रही सीप सिकेका तर सीपको औपचारिक मूल्याङ्कन र प्रमाणीकरण नभएको कारणले रोजगारी प्राप्ती तथा सीपको स्तरीकरणमा भएको समस्याको समाधान गर्न स्वदेश तथा विदेशमा सिकेका सीपको प्रमाणीकरण गरी औपचारिक मान्यता प्रदान गर्ने, दक्ष जनशक्ति उत्पादन तथा व्यवस्थापनमा सहजीकरण गर्ने, श्रमिकले प्राप्त गर्ने रोजगारी, श्रमको मूल्य तथा सामाजिक प्रतिष्ठा अभिवृद्धि गर्ने र पेशामा रहँदा सीप सिकेका तर त्यस्तो सीपको लागि औपचारिकरूपमा तालिम प्राप्त नगरेका व्यक्तिहरूलाई औपचारिक प्रणालीमा ल्याउन सहज बनाउने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम सञ्चालन प्रक्रिया | यो कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछः-<br>✓ सीप परीक्षण तथा प्रमाणीकरण गर्ने निकायसँगको समन्वयमा सीप परीक्षण तथा प्रमाणीकरण गर्न आवश्यक प्रक्रिया निर्धारण गरी कार्यालय र उक्त निकाय बीच समझदारी (MoU) गर्ने,<br>✓ स्वदेश तथा विदेशमा कम्तीमा छ महिना वा सोभन्दा बढी अवधिसम्म सीप सिकेका व्यक्तिलाई लक्षित गरी सीप परीक्षण तथा प्रमाणीकरणका लागि कार्यालयले कम्तिमा पन्ध्र दिनको सूचना प्रकाशन गरी दरखास्त माग गर्ने र उक्त दरखास्त साथ सम्बन्धित व्यक्तिले सिकेको सीपको अनुभवपत्र वा कामको प्रमाणपत्र तथा आवश्यक अन्य कागजात संलग्न गर्नुपर्ने,<br>✓ प्राप्त भएका दरखास्तका आधारमा सीप परीक्षण गर्ने निकायले निर्धारण गरेको मापदण्ड बमोजिम फरक फरक सीपको परीक्षण गर्ने गराउने,<br>✓ सीप परीक्षणमा तोकिएको मापदण्ड पुरा गरी उत्तीर्ण भएका व्यक्तिलाई परीक्षण मिति, प्रमाणपत्र नम्बर, सीपको स्तर र जारी गर्ने निकाय समेत उल्लेख गरी "सीप प्रमाणीकरण प्रमाणपत्र" प्रदान गर्ने,<br>✓ सीप परीक्षण गरी प्रमाणीकरण भएका प्रमाणपत्र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) वा मान्यता प्राप्त निकायमा दर्ता गर्ने व्यवस्था मिलाउने,<br>✓ कार्यालयले सीप परीक्षण गरेका व्यक्तिहरूको अभिलेख व्यवस्थित गरी सार्वजनिक गर्नु पर्ने। |
| खर्च विधि | यस कार्यक्रममा विनियोजित रकम सीप परीक्षणका लागि संलग्न हुने जनशक्तिलाई दैनिक भ्रमण खर्च, सीप परीक्षणमा सहभागी हुने व्यक्तिहरूको यातायात खर्च, खाना तथा वास खर्च, सीप परीक्षण तथा प्रमाणीकरणका लागि आवश्यक सामग्री व्यवस्थापन खर्च, सीप परीक्षणसँग सम्बन्धित निकायसँगको समझदारी पत्रमा उल्लेख भए बमोजिमका कार्यका लागि प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली, २०७५ र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका,२०७५ बमोजिम खर्च गर्न सकिनेछ। |
| कार्यक्रमको नामः | प्रदेश तहमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना सामग्री तथा सचेतनामूलक कार्यक्रम |
| पृष्ठभूमी र उद्देश्यः | वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको सुरक्षित, मर्यादित र अधिकारसहितको वैदेशिक |

| | |
|---|---|
| | रोजगारी सुनिश्चित गर्न सूचना, शिक्षा र सचेतनाको लागि सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आवश्यक जानकारी श्रमिकलाई उपलब्ध गराउने, वैदेशिक रोजगारमा जाने प्रक्रियामा हुने सम्भावित जोखिम, ठगी तथा कानूनी प्रक्रिया सम्बन्धी सचेतना फैलाउने, श्रमिक, परिवार तथा समुदायमा सुरक्षित वैदेशिक रोजगारबारे व्यवहारिक चेतना अभिवृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम सञ्चालन प्रक्रिया | यो कार्यक्रम अन्तर्गत वैदशिक रोजगारी सम्बन्धमा कानुनी प्रक्रिया, शुल्क, सम्झौता, स्वास्थ्य परीक्षण, बीमा, ठगी विरुद्ध सुरक्षा लगायतका विषयमा पोस्टर, पम्प्लेट, पुस्तक, भिडियो, रेडियो जिङ्गल, सामाजिक सञ्जाल सामग्री निर्माण तथा प्रचार प्रसार र स्थानीय स्तरमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ। |
| खर्च विधि | यस कार्यक्रममा विनियोजित बजेट निर्धारित क्रियाकलापमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका बमोजिम खर्च गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **अन्तराष्ट्रिय श्रमिक दिवशको उपलक्ष्यमा सरकार, रोजगारदाता, ट्रेड यूनियन र श्रमिकबीच अन्तर्क्रिया र छलफल** |
| पृष्ठभूमी र उद्देश्यः | अन्तर्राष्ट्रिय श्रमिक दिवसमा सरकार, रोजगारदाता, ट्रेड युनियन र श्रमिकबीच सहकार्य, संवाद र साझेदारी बढाउन विशेष अन्तरक्रिया तथा छलफल मार्फत श्रमिक, रोजगारदाता, ट्रेड युनियन र सरकारबीच आपसी विश्वास र सहकार्य बढाउने, श्रमिक अधिकार, सामाजिक सुरक्षा, सुरक्षित कार्य वातावरण र न्यूनतम पारिश्रमिकबारे साझा समझदारी निर्माण गर्ने, श्रम बजार सुधार र श्रमिक हितमा गर्नुपर्ने सुधारात्मक कदमबारे सुझाव संकलन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन विधि | यो कार्यक्रम कार्यक्रमको उद्देश्य अनुरूपका क्रियाकलाप निर्धारण तथा लागत अनुमान स्वीकृत गराई प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका बमोजिम गर्नु पर्नेछ। |
| **कार्यक्रमको नामः** | **मन्त्रालयको DMIS प्रयोग सञ्चालन र व्यवस्थापनको लागि जिल्लास्थित कार्यालय कर्मचारीहरूलाई अभिमुखीकरण** |
| **पृष्ठभुमी र उद्देश्यः** | मन्त्रालयले तयार गरेको DMIS, र अन्य डाटावेसहरूको सञ्चालन, व्यवस्थापन एवम् प्रयोग गरी प्रभावकारी अभिलेखीकरण तथा सेवा प्रवाह गर्ने उद्देश्यले यो कार्यक्रम तयार गरिएको छ। यो कार्यक्रम मन्त्रालयको DMIS प्रणालीको अद्यावधिक भए पश्चात सञ्चालन गरिनेछ। |
| कार्यान्वयन<br>कार्यान्वयन<br>कार्यान्वयन विधि | यस कार्यक्रमको कार्यन्वयनको लागि देहायबोजमिका क्रियाकलापहरू गरिनेछः-<br>✓ प्रत्येक जिल्लाको तथ्याङ्कहरू अद्यावधिक गर्ने तथा DMIS प्रणाली सञ्चालन गर्ने अनुगमन अधिकृत (Monitoring officer) तोकि सो को जानकारी माग गर्ने।<br>✓ कार्यालय प्रमुख र अनुगमन अधिकृतलाई सहभागी हुने गरी १ दिनको अभिमुखीकरण तालिम सञ्चालन गर्ने। |
| खर्च विधि | यस कार्यक्रममा विनियोजित भएको रकम कर्णाली खर्च मापदण्ड निर्देशिका बमोजिम अभिमुखीकरण कार्यक्रम सञ्चालनको लागि खर्च गरिनेछ। |
| **कार्यक्रमको नामः** | **कर्मचारीको क्षमता विकास कार्यक्रम** |

| | |
|---|---|
| पृष्ठभूमी र उद्देश्यः | मन्त्रालय वा कार्यालयमा कार्यरत कर्मचारीहरूको प्राविधिक, व्यवस्थापकीय र नेतृत्व क्षमतामा वृद्धि गर्ने, सेवा वितरणको दक्षता र गुणस्तर सुधार गर्ने, नवीनतम नीति, विधि, प्रविधि र कार्यशैलीबारे अद्यावधिक ज्ञान प्रदान गर्ने, कर्मचारीको कार्यउत्पादकता, पारदर्शिता र जवाफदेहितामा सुधार ल्याउने, सार्वजनिक खरिद, अभिलेख व्यवस्थापन लगायत समग्र व्यवस्थापकीय क्षेत्रमा क्षमता अभिवृद्धी गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको छ। |
| कार्यक्रम कार्यान्वयन विधि | यो कार्यक्रमको उद्देश्य बमोजिम निर्धारित क्रियाकलापमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका बमोजिम कार्यान्वयन गरिनेछ। |
| **कार्यक्रमको नामः** | **सूचकमा आधारित जिल्लागत कार्यसम्पादन मूल्याङ्कन (Indicator based performance assessment) अभिमुखीकरण समेत** |
| पृष्ठभुमी र उद्देश्य | मन्त्रालय मातहतका कार्यालयहरु (डिभिजन वन तथा सव-डिभिजन वन कार्यालय, उद्योग तथा उपभोक्ता हित र जलाधार व्यवस्थापन सम्बन्धी विषयगत कार्यालय) को विषय क्षेत्रगत कार्यसम्पादन सूचकहरू तयार गरी उक्त सूचकहरूको आधारमा कार्यसम्पादनको पारदर्शी एवम् एकरूपतामा आधारित मूल्याङ्कन गर्नको लागि यो कार्यक्रम तयार गरिएको छ।यस मूल्याङ्कन बिधिबाट कार्यालयहरूको कार्यसम्पादनको अवस्थाको जानकारी हुने, सुधार गर्नुपर्ने क्षेत्र पहिचान हुने र सोहि बमोजिम प्रभावकारी कार्यसम्पादन हुने अपेक्षा गरिएको छ। |
| कार्यान्वयन विधि | यस कार्यक्रमको कार्यान्वयनको लागि देहाय बमोजिमका क्रियाकलापहरू गरिनेछः-<br>✓ मन्त्रालयको प्राविधिक समितिबाट कार्यालयहरुले पुरा गर्नु पर्ने जिम्मेवारीहरूको आधारमा कार्यसम्पादन सूचकहरू तयार गरिनेछ।<br>✓ सूचक तयार गर्दा कर्णाली प्रदेशको मध्यकालिन खर्च संरचना तथा चालु पञ्चवर्षिय योजना र नीति तथा कार्यक्रमको आधारमा तयार गर्नु पर्नेछ।<br>✓ उक्त कार्यसम्पादन सूचकहरूको Weightage प्रतिशत निर्धारण गरिनेछ।<br>✓ उक्त सूचकहरूलाई मन्त्रालयको Digital Database प्रणालीसँग जोडि Monitoring System तयार गरिनेछ।<br>✓ यस प्रणालीको सम्बन्धमा कार्यालयका प्रतिनिधि (कार्यालय प्रमुख तथा अधिकृत) हरूलाई १ दिने अभिमुखीकरण गरिनेछ।<br>✓ सोही Digital Database प्रणालीबाट त्रैमासिकरूपमा कार्यसम्पादन विश्लेषण गरी नतिजा प्रकाशित गरिनेछ। |
| खर्च विधि | यस कार्यक्रममा विनियोजित रकम देहाय बमोजिम खर्च गरिनेछः<br>✓ परामर्श सेवामार्फत Digital Monitoring System तयार गर्न लाग्ने खर्च,<br>✓ मन्त्रालयको प्राविधिक समितिको बैठक खर्च,<br>✓ अभिमुखीकरण कार्यक्रमको लागि हुने खर्च। |